
# रातो खबर साप्ताहिक

Ratokhabar weekly

वर्ष ३, अङ्क ३४, पूर्णाङ्क १२९ | २०७४ माघ २४ गते बुधबार | Wednesday, 07 Feb 2018 | www.eratokhabar.com | मूल्य रु. १०


## आगामी अङ्क जनयुद्ध विशेषाङ्क




रातो खबरको आगामी अङ्क जनयुद्धको विशेषाङ्कको रुपमा प्रकाशित हुने भएकोले जनयुद्धसँग सम्बन्धित लेख, रचना, संस्मरण लगायत सामाग्री शनिवारभित्रै उपलब्ध गराइदिनुहुन सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

## नेकपा र क्रान्तिकारी माओवादीबीच सहमति

■ रातो खबर संवाददाता/काठमाडौं

नेपाल कम्युनिस्ट पार्टी र नेकपा (क्रान्तिकारी माओवादी) ले फागुन १ गते संयुक्त रुपमा जनयुद्ध दिवस मनाउने सहमति गरेका छन् । उच्चस्तरीय वार्तामा नेकपाबाट सहभागी स्थायी समिति सदस्य हेमन्तप्रकाश ओली 'सुदर्शन' ले जनयुद्ध दिवस सँगै मनाउने, राष्ट्रिय स्वाधीनता, भ्रष्टाचार, जनजीविकाका विषयमा संयुक्त रूपमा सङ्घर्ष गर्ने र कम्युनिस्ट आन्दोलनलाई एकीकृत र ध्रुवीकरण गर्ने सहमति भएको जानकारी दिनुभयो । उहाँले रातो खबरसँग भन्नुभयो, ' पार्टीएकताका लागि घनीभूत रुपले छलफल गर्दै जाने सहमति भएको छ ।' यसअघि गत पुसमा यी दुई पार्टीबीच तीनबुँदे कार्यगत एकता गर्ने सहमति भएको थियो ।

## भ्रष्टाचारीमाथि जनकारबाही

# देशैभर कारबाहीको लहर

■ रातो खबर संवाददाता/काठमाडौं

नेपाल कम्युनिस्ट पार्टीले आन्तरिक राजस्व विभागका निलम्बित महानिर्देशक चूडामणि शर्मामाथि कारबाही गरेको छ । नेकपाको आह्वानमा सयौँको सङ्ख्यामा नाराजुलुस गर्दै गएका जनताले बूढानीलकण्ठस्थित चपलीहाइटमा रहेको शर्माको घरमा कालोझन्डा गाड्नुका साथै तोडफोड पनि गरेका छन् ।

शर्मा पदमा बस्दा नेपालका दलाल उद्योगपतिहरूको कर मिनाहा गर्ने, कर छल्ने, लुकाउन सहयोग गरेर अर्बौं रकम हिनामिना गरेका थिए । तर उनलाई सर्वोच्च अदालतले भ्रष्टाचारीलाई शून्य धरौटीमा छाडेको थियो । उनलाई १० अर्ब २ करोड रुपैयाँबराबरको भ्रष्टाचार गरेको आरोप छ । आरोप पुष्टि हुँदा पनि सरकार मूकदर्शक मात्र भएको छैन, उनलाई निर्दोष करार गर्ने कसरतमा लागेको छ । त्यसलै भ्रष्टाचारी शर्मालाई कारबाही गर्नुपरेको नेकपाले जनाएको छ । नेकपाले आफ्नो केन्द्रीय समितिको बैठकमा भ्रष्टाचारी, कालोबजारी र राष्ट्रघातीलाई कारबाही गर्ने निर्णय गरेको जनाएको थियो ।






तस्विर : भीम चापागाईं

नेपालको प्रशासनले भ्रष्टाचारीलाई कारबाही गर्नुको साटो शर्मालाई कारबाही गरेको भन्दै सडकमा हिँडिरहेका पचासौँ जनतालाई गिरफ्तार गरेको छ भने ३ वटा सवारीसाधनलाई नियन्त्रणमा लिएको छ । नेकपाले काठमाडौँमा मात्र होइन, जनतालाई आह्वान गर्दै देशैभर भ्रष्टाचारीमाथि कारबाही गरिरहेको छ ।

यसैगरी कालीकोटमा शुक्रबार अपराह्न जिल्लाको रासकोट आरसीपी बजारमा अस्पतालका प्रमुख डा. कौशल अलीमाथि कालोमोसो दलेका छन् ।

अलीले सर्वसाधारण

... बाँकी पृष्ठ ५ मा

# स्वराजले केपीलाई झुकाइन्

■ रातोखबर संवाददाता/काठमाडौं



माघ १८ र १९ गते भारतीय विदेशमन्त्री सुष्मा स्वराजले नेपालको दुईदिने सद्भाव (गुडविल) भ्रमण गरिन् । अन्तर्राष्ट्रिय विमानस्थलबाट उनी सीधै होटेल सोल्टीमा गएर नेपाल कम्युनिस्ट पार्टी (एमाले) का अध्यक्ष केपी ओली र मधेसी मोर्चाका नेताहरूलाई भेटिन् । सामान्य कूटनीतिक मर्यादाहरूलाई उल्लङ्घन गर्दै उनी भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको विशेष दूत बनेर नेपाल आएकी थिइन् । यसअघि मोदीले सम्भावित प्रधानमन्त्री केपीलाई बारम्बार टेलिफोन वार्ता गरिराखेका थिए । पछिल्लो फोन वार्तामा मोदीले ओलीसँग केही सर्तहरू राखेपछि फोनमा नभएर भेटेरै कुरा गर्ने ओलीको प्रस्तावअनुसार मोदीले स्वराजलाई उक्त भ्रमणमा पठाएका थिए ।

कथित वाम गठबन्धनको नेतृत्वमा सरकार बन्नुपूर्व भएको यो भ्रमणले धेरै रहस्यहरू खुल्दै गएका छन् । भारतद्वारा लगाइएको नाकाबन्दीका क्रममा केपी ओली प्रधानमन्त्री थिए । उनले भारतसँग कुनै हालतमा नझुक्ने भन्दै चीनसँग केही सामीप्य कायम गरेका थिए । यसबाट ओलीसँग भारत रिसाएको भनिएको थियो । अहिले केपी ओली प्रधानमन्त्री बन्दैछन् । २०५१ सालमा नै भारतका सामु झुकिसकेका ओलीलाई बेलैमा ठेगान लगाउने नियतसहित पछिल्लो

... बाँकी पृष्ठ ५ मा

# 'दलाल व्यवस्था उन्मूलन गर्न एकीकृत जनक्रान्ति'




■ रातो खबर संवाददाता/वीरगन्ज

माघ २३ गते वीरगन्जको बिर्तास्थित लायन्सको भवनमा 'वर्तमान परिस्थिति र नेपाली राष्ट्रियताको प्रश्न' विषयक अन्तरक्रिया सम्पन्न भएको छ । उक्त कार्यक्रममा कार्यपत्र प्रस्तुत गर्दै नेपाल कम्युनिस्ट पार्टीका स्थायी समिति सदस्य तथा मध्यकमान्ड इन्चार्ज हेमन्तप्रकाश ओली 'सुदर्शन' ले नेपालमा भैराखेको राष्ट्रघातलाई एकीकृत जनक्रान्तिले मात्र रोक्न सक्ने धारणा व्यक्त गर्नुभएको छ । उहाँले नेपालको राष्ट्रियता, जनतन्त्र

... बाँकी पृष्ठ ४ मा

# कस्तो सहिद घोषणा ?

■ रातो खबर संवाददाता/

माघ २२ गते साँझ शेरबहादुर देउवाको मन्त्रिमण्डलले जनयुद्धकालमा मारिएका सेना, पुलिस (सशस्त्र र जनपद), अनुसन्धानका कर्मचारी र सरकारी कर्मचारी, शिक्षकलगायत राष्ट्रसेवकलाई सहिद घोषणा गरेको छ । सञ्चारमन्त्री तथा सरकारका प्रवक्ता मोहनबहादुर बस्नेतले मन्त्रिमण्डलको निर्णय सुनाउँदै भने, 'विगतका सरकारले राज्यद्वारा मारिएका सबैलाई सहिद घोषणा गरेकाले हामीले पनि विद्रोहीद्वारा मारिएका सबैलाई सहिद घोषणा गरेका छौं ।'

सरकारले हिजो गरेको उक्त निर्णयलाई लिएर राज्यद्वारा बेपत्ता योद्धा परिवारका सल्लाहकार, वरिष्ठ अधिवक्ता, सहिद प्रतिष्ठान नेपालका पूर्वअध्यक्ष तथा वर्तमान सल्लाहकार एकराज भण्डारीले सरकारले गरेको यो निर्णयलाई लिएर प्रतिक्रिया दिनुभएको छ । उहाँले 'नेपालमा सहिद घोषणा गर्ने यो परिपाटीले वास्तविक सहिदको अवमूल्यन र उनीहरूको परिवारप्रति अपहेलना हुन पुगेको छ । देश र जनताको मुक्तिका लागि ज्यानको बाजी लगाएर प्राणको आहुति दिनेहरूलाई यहाँ सहिद घोषणा गरिएको छैन ।'

२०५२ सालमा 'प्रतिक्रियावादी राज्यसत्ता ध्वंश गरौं र नयाँ जनवादी राज्यसत्ता स्थापनाको दिशामा अघि बढौं !' भन्ने नाराका साथ सुरु गरिएको जनयुद्धमा लामबद्ध भएबापत हजारौं नेपाली योद्धाहरूले सहादात प्राप्त गरेका छन् । सयौं बेपत्ता भएका छन् । हजारौं घाइते भएका छन् । तर वर्तमान राज्यले कुनै वास्ता गरेको छैन । बरु यसअधिका सरकारले घोषणा गरेका सहिदहरूको नामावली नै बदर गर्ने गरेका छन् । यसैक्रममा २०६५ पुस ९ गते तत्कालीन माओवादी नेतृत्वमा बनेको प्रचण्डको सरकारले जनयुद्धकालमा तत्कालीन सत्ताद्वारा मारिएका ६ हजार ३ सय ४४ .व्यक्तिहरूलाई सहिद घोषणा गर्ने निर्णय गरेको थियो । तर माधवकुमार

... बाँकी पृष्ठ ७ मा

# विसर्जनवाद र आत्मसमर्पणवादविरुद्ध सङ्घर्ष

देश/परिवेश

■ विप्लव



हामीले क्रान्तिमा विजय हासिल गर्नका लागि यतिबेला क्रान्तिकारी कम्युनिस्ट आन्दोलनमा देखापरेका दुई गलत प्रवृत्तिविरुद्ध सङ्घर्ष गर्नुपर्ने भएको छ । ती प्रवृत्ति हुन्- विसर्जनवाद र आत्ससमर्पणवाद । विसर्जनवाद र आत्मसमर्पणवाद क्रान्तिकारी कम्युनिस्ट आन्दोलनका घातक र विषालु प्रवृत्ति हुन् । यी दुई प्रवृत्तिमाथि विजय हासिल नगरी क्रान्तिमा विजय हासिल गर्न सम्भव छैन । तसर्थ, सबै क्रान्तिकारीहरूले यी घातक प्रवृत्तिविरुद्धको सङ्घर्षमा विशेष जोड दिन आवश्यक छ ।

**(क) के हो विसर्जनवाद र आत्मसमर्पणवाद ?**

विसर्जनवाद र आत्मसमर्पणवाद एउटै सार बोकेका दुई रूप हुन् । तथापि दुईमा केही अन्तर रहने गर्दछन् । विसर्जनवादी समस्या कम्युनिस्ट आन्दोलनमा रुसको क्रान्तिकारी आन्दोलनबाट सुरु भएको हो । जब रुसको कम्युनिस्ट पार्टी (त्यतिबेलाको रुसी सामाजिक जनवादी मजदूर पार्टी) भित्र क्रान्ति सञ्चालन गर्ने सन्दर्भलाई लिएर अन्तर्सङ्घर्षमा पऱ्यो, पार्टी बोल्सेभिक र मेन्सेभिकमा विभाजित भयो, मेन्सेभिक (अल्पमत) भित्र विसर्जनवाद देखापऱ्यो । यसले कम्युनिस्ट पार्टीको नामबाट क्रान्तिविरुद्ध भ्रम प्रचार गर्ने, क्रान्तिकारीहरूमाथि दोषारोपण गर्ने, मार्क्सवादी पार्टीको कार्यक्रम, कार्यनीति अस्वीकार गर्ने, आफ्नै सुधारवादी पार्टी गठन गर्ने, जारशाही प्रतिक्रियावादी व्यवस्थालाई समर्थन गर्ने कार्य गरिरह्यो । यसको नेतृत्व मेन्सेभिकभित्रको सानो हिस्साले गरेको थियो । पछि चिनियाँ क्रान्तिमा पनि यो धारा देखापऱ्यो । चिनियाँ क्रान्ति चल्दै गर्दा चिनियाँ कम्युनिस्ट पार्टीभित्र क्रान्तिका सन्दर्भमा क्रान्तिकारी धारा र विसर्जनवादी धाराबीच सङ्घर्ष भयो । विसर्जनवादी धाराको नेतृत्व चाङको थाउले गऱ्यो । उसले चीनमा क्रान्ति सम्भव नभएको, च्याङ काई सेकसँग मिलेर जानुपर्ने तर्क गर्दै कम्युनिस्ट पार्टी परित्याग गर्न पुग्यो । अन्तमा च्याङ काई सेकको सुरक्षा सल्लाहकारमा छानिन पुग्यो । यसलाई माओको नेतृत्वमा परास्त गरियो । भारतमा के भेनुले यस्तो काम गरे । नेपालभित्र पञ्चायती व्यवस्था आएपछि केशरजङ्ग रायमाझीले विसर्जनवादको नेतृत्व गरे भने आज नेपालमा त्यस्तै खालको विसर्जनवाद देखापरेको छ । त्यसको नेतृत्व बाबुराम भट्टराईले गरेका छन् ।

बाँकी पृष्ठ ७ मा

वर्ष ३, अङ्क ३४, पूर्णाङ्क १२९
रातो खबर साप्ताहिक

## सम्पादकीय

# दलाल र भ्रष्टहरूमाथि जनकारबाही

नेपाल कम्युनिस्ट पार्टीले मुलुकमा भ्रष्टाचार गरेर राज्यको ढिकुटी रित्याउने प्रशासकदेखि विभिन्न संसद्वादी दलका भ्रष्ट नेताहरूलाई जनकारबाही आरम्भ गरेको छ । मङ्गलबार नेकपाले भ्रष्ट प्रशासक आन्तरिक राजस्व विभागका निलम्बित महानिर्देशक चूडामणि शर्माको घरमा कालोझन्डा गाड्नुका साथै भ्रष्टाचारविरुद्ध नाराबाजी गरेर अभियान नै आरम्भ गरेको छ । दलाल सरकारले भ्रष्टमाथि कारबाही गर्ने जनतालाई गिरफ्तार गरेर आफ्नो फासिवादी चरित्र उदाङ्गो पारेको छ । शर्मालाई यही दलाल सरकारको निकाय अख्तियार दुरूपयोग अनुसन्धान आयोगले नै खोजी गरिरहेको थियो । सरकारले खोजेको नाटक गरे पनि शर्मालाई समातेको थिएन । करोडौँ भ्रष्टाचार गरेका शर्मालाई जेल हाल्नुको सट्टा सामान्य धरौटीमा रिहा गरिएको थियो । शर्मा रिहा भएपछि सर्वसाधारण आक्रोशित भएका थिए ।

यसअघि पनि नेकपाले लोकमानसिंह कार्की, राधेश्याम पन्त, गोपाल बस्नेतलगायत भ्रष्टहरूमाथि कारबाही गरेको थियो । केही वर्षअघि भ्रष्टाचारी सीताराम प्रसाईंलाई खुलामञ्चमा ल्याएर कारबाही गरिएको घटनाले ठूलो चासो पाएको थियो । मङ्गलबारै नेकपाका एक केन्द्रीय नेताले बालकृष्ण ढुङ्गेललाई पक्राउ आदेश गर्ने न्यायाधीशमाथि जनकारबाही गरिने घोषणा गरेका थिए । पीडित सर्वसाधारणको उजुरी र सहभागितामा विभिन्न जनवर्गीय सङ्गठनहरूले पनि विभिन्न निकायका भ्रष्टहरूमाथि कालोमासो दल्नेलगायतका कारबाही गरिरहेका सन्देश प्राप्त भएका छन् । नेकपाले तीनमहिने जनजागरण अभियान सार्वजिनक गर्दै दलाल र भ्रष्टहरूमाथि जनकारबाही गरिने घोषणा गरेको थियो । जनकारबाहीमा दलाल र भ्रष्टहरूका साथै राष्ट्रघाती र जनघातीहरू पनि पर्ने देखिन्छ । भ्रष्टहरूको सूची नै सार्वजनिक गरेर नेकपाले देशको ढिकुटी रित्याउनेहरूलाई तह लगाउने र एकीकृत जनक्रान्तिको झन्डा फहराउने उद्घोष गरेको छ ।

यतिबेला देश दलाल र भ्रष्टहरूले सञ्चालन गरिरहेका छन् । दलालहरूको छत्रछायामा भ्रष्टाचार झनै मौलाइरहेको छ । देशको माथिल्लो निकायदेखि तल्लो तहसम्म भ्रष्टाचारैभ्रष्टाचार व्यापक छ । आम श्रमजीवी जनतालाई भ्रष्टाचारले नराम्ररी प्रभावित पारेको छ । संसद्वादी दलहरूले कथित स्थानीय र संघको चुनावमा व्यापारीहरूबाट असुलेको रकमको बदला महँगी लादेर चुक्ता गरिरहेका छन् भने भ्रष्ट र भ्रष्टाचारका कारण जनता आहत बनिरहेका छन् । राज्यसत्ता सञ्चालकहरू नै भ्रष्ट भएकाले कर्मचारीतन्त्रबाट भएको भ्रष्टाचार झनै फस्टाएको छ । भ्रष्टाचार गरेर जेल परेकाहरूलाई जेलबाट बाहिर आउँदा दसौँ केजी फूलका माला पहिऱ्याएर उत्साहित गर्ने गरिएको छ । यो निन्दनीय परम्परा हो ।

नेपालमा राज्य तहबाटै संस्थागत भ्रष्टाचार हुने गरेको छ । जहाँनिया राणाकालमा राणाशासकहरूले जनतालाई कर लगाएर सम्पूर्ण सेवासुविधा आफूमा निहित गरेका थिए । २००७ सालको सीमित परिवर्तनपछि प्रजातन्त्र आयो भनियो तर संस्थागत भ्रष्टाचारमा परिवर्तन आएन । पञ्चायती कालरात्री त भ्रष्टाचारको खानी नै भयो । पञ्च शासकहरूले राज्यको ढुकुटी व्यक्तिगत स्वार्थमा प्रयोग गरे । सामन्तवादका नायक राजामहाराजाहरू त भ्रष्टाचारका जननी नै भए । उनीहरूले सिङ्गो मुलुकको ढिकुटी आफ्ना परिवारको स्वार्थमा दुरूपयोग गरेका थिए ।

२०४६ सालको जनआन्दोलनपछि फेरि बहुदल आयो । त्यसलाई केहीले प्रजातन्त्र भने तर पञ्च शासकहरूसमेतले भ्रष्टाचारी ठहर गरेका डीबी लामाहरूलाई बहुदलीय शासकहरूले चोख्याए र आफूले नयाँ भ्रष्टाचारको शृङ्खला दोहोऱ्याए । लाउडा, चेजएयर, धमिजालगायत भ्रष्टाचारकाण्ड सतहमै छताछुल्ल भए तर भ्रष्टाचारीहरूमाथि कुनै कारबाही भएन । संस्थागत भ्रष्टाचारका रूपमा देशका उद्योगधन्दाहरू कौडीको मोलमा निजीकरण गरियो । बाँसबारी छालाजुत्ता कारखाना, भृकुटी कागज कारखाना, हेटौँडा सिमेन्ट उद्योग, काठमाडौँ-हेटौँडा रोप वे, साझा यातायात, ट्रली बससेवालगायत दर्जनौँ राष्ट्रिय सम्पदाहरू भ्रष्टाचारका कारण डुबाइयो । शासकहरू नै भ्रष्टाचारमा निर्लिप्त भएपछि तिनलाई जोगाउने प्रशासकहरू चोखा हुने कुरै भएन । शासक र प्रशासक मिलेर राज्य नै खोक्रो पार्ने क्रम नरोकिएपछि आ सर्वसाधारण र भ्रष्टाचारविरोधीहरू आक्रोशित बन्दै गएका छन् । जनगुनासो बढ्दै गएपछि नेकपाले भ्रष्टाचारविरुद्ध कारबाही आरम्भ गरेको हो । भ्रष्टाचार आर्थिक मात्र हुँदैन, राजनीतिक, सामाजिक, सांस्कृतिक, नैतिक थरीथरीका हुन्छन् । नेपालमा आर्थिक भ्रष्टाचार बढी चर्चामा आउने गरेको छ । दलाल संसद्वादी शासकहरू देखिने गरी आर्थिक भ्रष्टाचारमा निर्लिप्त भएकाले यसका विरुद्ध जनमत केन्द्रित हुँदै गएको हो । नेकपाले सबैथरी भ्रष्ट र दलालहरूलाई कारबाही आरम्भ गरेर जनमतको कदर गरेको छ । यो सराहनीय कदम हो । यसले निरन्तरता पाएमा भ्रष्टारी र दुराचारीहरू दुरुत्साहित हुनेछन् ।

### लेखकहरूलाई सूचना

१. समसामयिक विषयका लेखरचना Preeti font मा टाइप गरेर ratokhabar@gmail.com मा पठाउनुहोला
२. अन्य सञ्चारमाध्यममा प्रकाशित वा प्रकाशनार्थ पठाएका रचना रातो खबरमा प्रकाशित गरिनेछैन कुनै पुस्तकमा प्रकाशित रचना नपठाउनुहोला
३. १२ देखि १५ सय शब्द नबढाईकन रचना पठाउनु पर्नेछ अन्यथा छाँटकाट गर्न सकिनेछ
४. अप्रकाशित रचना फिर्ता गर्ने प्रावधान छैन
५. प्रकाशित रचनाको राजनीतिक, वैचारिक तथा वैयक्तिक जबाफदेही लेखकमै हुनेछ

**– रातो खबर साप्ताहिक**

# कस्तो समाजवाद ?

## वैज्ञानिक समाजवादका आधारहरू



गुणराज लोहनी

*अहिले तेस्रो औद्योगिक क्रान्तिको समापन भई चौथो औद्योगिक क्रान्ति सुरु भएको भनिएको छ । इन्टरनेट प्रविधि र नवीकरणीय ऊर्जाहरूले औद्योगिक क्रान्तिको नयाँ पूर्वाधार तयार पारिदिएको र एक्काईसौँ शताव्दीमा ऊर्जा वितरणमा परिवर्तन ल्याइदिएको छ । अबको युगमा लाखौँलाख मान्छेले आफ्नो घर, अफिस र फ्याक्ट्रीहरूमा नै उनीहरूको आफ्नै नवीकरण ऊर्जा र 'ऊर्जा इन्टरनेट' को माध्यमबाट जसरी अहिले सूचना अनलाइनद्वारा साटासाट गरी उत्पादन गरिएको छ हरित विद्युत् उत्पादन गर्नेछन् ।*

**समाजवादको ऐतिहासिकता**

मार्क्स-एङ्गेल्सले समाजवादको परिकल्पना गरिरहँदा मूल रूपमा युरोपमा पुँजीवादको विकास भैराखेको थियो । त्यहाँ प्रथम औद्योगिक क्रान्ति भैराखेको थियो । सन् १७६० देखि १८२० र १८४० सम्म चलेको औद्योगिक क्रान्तिकाल नयाँ उत्पादन प्रक्रियामा सङ्क्रमणको अवधि रह्यो । यो सङ्क्रमणले हाते उत्पादन पद्धतिलाई मेसिन, नयाँ रसायन उत्पादन र फलामको उत्पादनको प्रक्रिया, वाष्प शक्तिको प्रयोगमा वृद्धि, मेसिन औजार हरूको विकास र उद्योग पद्धतिको उदय गरायो । कपडा उद्योगहरू औद्योगिक क्रान्तिमा रोजगारीको हिसाबले प्रभावी भएका थिए । कपडा उद्योग पहिलो आधुनिक प्रविधिको उत्पादन थियो । यो क्रान्तिले उद्योगमा काम गर्ने मजदुरहरूको सङ्ख्या तीव्र रूपमा बढेर गयो ।

सन् १८७० देखि १९१४ सम्म दोस्रो औद्योगिक क्रान्ति भएको मानिन्छ । यसलाई प्राविधिक क्रान्ति पनि भन्ने गरिएको छ । यसले औद्योगिकीकरणमा कायापलट ल्याएको थियो । उत्पादनमा नयाँ खोज, जस्तै मेसिन औजारहरूको उद्योग स्थापना, स्टिल उत्पादनमा बेसेमर प्रक्रियाको अनुसन्धान, टेलिफोन, टेलिग्राफको सूचना सञ्चारमा प्रयोग, ढुवानी र यातायातका लागि तीव्र गति र गह्रौँ भारवहन रेल सेवा, वाष्प शक्तिको स्थानमा विद्युत् शक्तिको प्रयोग, विद्युतीकरण, पेट्रोलियम पदार्थको प्रशोधन, विद्युत्, चुम्बकीय सिद्धान्तको प्रतिपादन, अटोमोबाइलको प्रयोग, कागजको आविष्कार र उपयोग आदिले वस्तुको भारी मात्रामा उत्पादन भयो । यी साधनहरूको आविष्कार, विकास र प्रयोगले उत्पादन क्षमतामा अतुलनीय विकास भयो । यसरी शैशवावस्थामा रहेको पुँजीवाद तन्नेरी हुन पुग्यो । उत्पादनका लागि प्रयोग गरिएका मेसिन र उपकरणको कार्यदक्षताका सामु मानव कार्यदक्षता कमजोर बनेर गयो । यसले गर्दा उद्योगमा काम गर्दै आएका धेरै मजदुरहरू विस्थापित हुन पुगेका थिए । यसरी विस्थापित मजदुरहरूलाई एङ्गेल्सले अतिरिक्त औद्योगिक सेनाको संज्ञा दिनुभएको थियो ।

आधुनिकीकरण र औद्योगिकीकरणले अति उत्पादन हुनु र मजदुरहरूको विस्थापनले क्रयशक्तिको कमीले विनिमयमा ह्रास आयो । आपूर्ति कम हुन पुग्यो । यसले गर्दा साना उद्योगहरूले प्रतिस्पर्धा गर्न सकेनन् । तिनीहरूले ठूला उद्योगहरूका सामु आत्मसमर्पण गर्नु पऱ्यो । यसरी एङ्गेल्सको भाषामा सामाजिक उपज पुँजीपति-व्यक्तिविशेषले हड्पियो ।१ पुँजीवादी राज्य संरचनामा पहिलो र दोस्रो औद्योगिक क्रान्तिले निम्त्याएको सङ्कट र त्यसको समाधानका बारेमा एङ्गेल्सले व्याख्या गर्दै संश्लेषण पनि गर्नुभएको छ । उहाँ भन्नुहुन्छ, 'एकातिर मेसिनहरूको सुधार जुन प्रतिस्पर्धाले गर्दा उद्योगपतिहरूका लागि अनिवार्य नियम बन्न जान्छ र जसले निरन्तर बढ्दो सङ्ख्यामा मजदुरहरूलाई कारखानाबाट निकालिरहेको हुन्छ । यसप्रकारले अतिरिक्त औद्योगिक सेना उत्पन्न हुन्छ । अर्कोतिर उत्पादनको असीमित विकास र प्रतिस्पर्धाले गर्दा यो कुरा पनि प्रत्येक उद्योगपतिका लागि अनिवार्य नियम बन्न जान्छ । दुवैतिर-उत्पादक शक्तिहरूको अभूतपूर्व विकास, मागभन्दा आपूर्ति बढी, अति उत्पादन, बजारमा आवश्यकताभन्दा बढी सामान हुन्छ, प्रत्येक दस वर्षमा दोहोरिने आर्थिक सङ्कटहरू, अनन्त चक्र, एकातिर उत्पादनका साधनहरू र उत्पादित वस्तुहरूको बाहुल्य र अर्कोतिर जीविकाको साधनबाट वञ्चित बेरोजगार मजदुरहरूको अधिकता । परन्तु उत्पादन र सामाजिक समृद्धिका यी दुई उत्तोलकहरूले सम्मिलित रूपमा काम गर्न सक्दैनन् किनभने पुँजीवादी उत्पादन प्रणालीमा उत्पादक शक्तिहरूले त्यसबेलासम्म काम गर्न सक्दैनन् र उत्पादित वस्तुहरू त्यतिन्जेल परिचालित हुन सक्दैनन्, जबसम्म तिनलाई पुँजीको रूप दिइँदैन-परन्तु तिनको अधिकता नै यसको बाधक बनेको हुन्छ । यस अन्तर्विरोधले निरर्थक हास्यास्पद रूप लिन पुग्दछ-उत्पादनपद्धतिले विनिमयप्रणालीका विरुद्ध विद्रोह गर्दछ ।२'

पुँजीवादको यो चरित्रको गहिरो अध्ययन गरिसकेपछि एङ्गेल्सले पुँजीवादलाई विस्थापित गर्दै वैज्ञानिक समाजवाद स्थापना हुने तथ्यहरू अघि सार्नुभयो । उहाँले भन्नुभयो, 'यसप्रकारले बुर्जुवावर्ग स्वयम् आफ्ना सामाजिक उत्पादक शक्तिहरूको सञ्चालन गर्न असमर्थ छ भन्ने कुरा साबित हुन्छ ।'

पुँजीपतिहरू पनि उत्पादक शक्तिहरूको सामाजिक चरित्र आंशिक रूपले स्वीकार गर्न बाध्य हुन्छ । उत्पादन र सञ्चारका ठूलठूला संस्थाहरू सबैभन्दा पहिले ज्वाइन्ट स्टक कम्पनीहरूको, तत्पश्चात् ट्रस्टहरूको र अन्ततोगत्वा स्वयम् राज्यको हातमा आउँछ ।३'

मार्क्स-एङ्गेल्सले उन्नाईसौँ शताब्दीसम्म बहसमा आएका र देखापरेका काल्पनिकसहितका सबैखाले समाजवादको खण्डन गर्दै इतिहासको भौतिकवादी धारणा र अतिरिक्त मूल्यको माध्यमबाट पुँजीवादी उत्पादनको रहस्य उद्घाटन- यी दुई आविष्कार गर्नुभयो । एङ्गेल्सको भनाइमा यी दुईवटा आविष्कार हरूले गर्दा नै समाजवादी विचारधारा एक विज्ञानमा परिणत भएको छ ।

तर यी सिद्धान्तहरूलाई स्वयम् मार्क्स र एङ्गेल्सले आफ्नो जीवनमा लागू भएको देख्न पाउनुभएन । पुँजीवादमा प्रत्येक दस वर्षहरूमा देखिएका आर्थिक सङ्कटहरूका कारण पहिलो विश्वयुद्ध जन्मियो । त्यो आर्थिक सङ्कटले प्रथम विश्वयुद्ध मात्र जन्माएन रुसमा महान् बोल्सेबिक समाजवादको पनि जन्म दिएको थियो । कमरेड लेनिनले युरोपमा रहेका बेलायत, फ्रान्स र जर्मनीको तुलनामा कम विकसित तर पुँजीवादको विकास भएको देश रुसमा क्रान्ति सफल पारेर समाजवाद लागू गर्नुभएको थियो । तत्कालीन सोभियत सङ्घमा सशस्त्र विद्रोहका माध्यमबाट अक्टोबर क्रान्ति सफल भएपछि सुरु भएको गृहयुद्धलाई रोक्न १९१८ वसन्तमा ब्रेस्त शान्ति-सन्धिमा हस्ताक्षर भएको थियो । त्यस समयमा 'युद्धकालीन कम्युनिज्म' लागू गरिएको थियो । उक्त नीतिले सोभियत सङ्घको आवश्यकता परिपूर्ति गर्न नसक्ने भएपछि मार्च १९२१ मा नयाँ आर्थिक नीति ९ल्भध भअयलयफ्ष्अ उयष्अिथ० (नेप) लागू गरिएको थियो । यो नेप नै सोभियत सङ्घको समाजवादी अर्थनीति रहेको थियो । यसमा ४ वटा बुँदा समावेश गरिएको थियो : क- राज्यको स्वामित्वमा रहेका साना उद्योगहरू निजी व्यक्तिहरूलाई लिजमा दिने, ख- निजी हस्तकला उत्पादनको विकास, ग- विदेशी पुँजीलाई अनुदान दिनु, घ- ग्रामीण क्षेत्रमा सीमित रूपमा रहेका जमिन लिजमा दिनु र व्यावसायिक श्रमको उपयोग गर्नु रह्यो ।४

ठूला राजकीय उद्योगहरूको स्थापना र विकासले निकै महत्व राखेको थियो । यस्ता उद्योगहरूको निर्माणमा सोभियत सङ्घमा विशेष ध्यान दिइएको थियो जसमा औद्योगिक शाखाहरूको विकास निर्भर गर्दथ्यो । विदेशी उद्योगहरूमा एकाधिकार कायम गरिएको थियो ।

माओले अर्धसामन्ती र अर्धऔपनिवेशिक राज्य संरचनामा नयाँ जनवादी कार्यक्रम लागू गर्नुभयो । पहिला राष्ट्रिय पुँजीवादको विकास गर्नुभयो । पछि मात्र समाजवादी कार्यक्रम लागू गर्नुभयो ।

**समाजवादका लागि नेपालका नयाँ विशेषताहरू**

नब्बेको दशकमा नेपालमा नवउदारवादले प्रवेश पाएको थियो । नेपालमा अर्धसामन्ती र अर्धऔपनिवेशिक अर्थव्यवस्था लागू भएको थियो । यसको अन्त्य गरी नयाँ जनवादी राज्यव्यवस्था स्थापना गर्ने उद्देश्यले जनयुद्धको उद्घोष गरिएको थियो । उक्त जनयुद्धले सामन्ती राजतन्त्रको अन्त्य गऱ्यो । त्यसको स्थानमा नयाँ जनवादी व्यवस्था स्थापना हुनुको साटो दलाल पुँजीवादको स्थापना हुन पुग्यो । यसको पहिलो कारण विगतमा जस्तै जनयुद्धका क्रममा पनि मुख्य नेतृत्वद्वारा भारतीय विस्तावादसँग सम्झौता गरियो भने अर्को कारण विश्व अर्थव्यवस्थामा आएको फेरबदल रह्यो ।

अहिले तेस्रो औद्योगिक क्रान्तिको समापन भई चौथो औद्योगिक क्रान्ति सुरु भएको भनिएको छ । इन्टरनेट प्रविधि र नवीकरणीय ऊर्जाहरूले औद्योगिक क्रान्तिको नयाँ पूर्वाधार तयार पारिदिएको र एक्काईसौँ शताब्दीमा ऊर्जा वितरणमा परिवर्तन ल्याइदिएको छ । अबको युगमा लाखौँलाख मान्छेले आफ्नो घर, अफिस र फ्याक्ट्रीहरूमा नै उनीहरूको आफ्नै नवीकरण ऊर्जा र 'ऊर्जा इन्टरनेट' को माध्यमबाट जसरी अहिले सूचना अनलाइनद्वारा साटासाट गरी उत्पादन गरिएको छ हरित विद्युत् उत्पादन गर्नेछन् । तेस्रो औद्योगिक क्रान्तिका पाँचवटा खम्बा रहेका थिए : १- नवीकरण ऊर्जामा स्थानान्तरण, २- प्रत्येक महादेशमा सञ्चित सूक्ष्म शक्तिलाई रूपान्तरित नवीकरण ऊर्जाहरू सङ्कलन, ३- हाइड्रोजन, प्रत्येक भवन र पूर्वाधारहरूमा सञ्चित अनिरन्तर ऊर्जाहरूको विस्तार, ४-प्रत्येक महादेशमा इन्टरनेट प्रविधिको माध्यमबाट शक्ति ग्रिडलाई इन्टरनेट ऊर्जामा रूपान्तरण (जब लाखौँ घरहरूले नवीकरण ऊर्जा सानो मात्रामा स्थानीय तह, साइटहरूमा तिनीहरूले अतिरिक्त हरित विद्युत् पुनः छिमेकी महादेशमा साटासाट गरी ग्रिडलाई बेच्नु र ५-ढुवानी र यातायातका साधनहरूमा इन्धनको सट्टा विद्युत् प्लगको माध्यमबाट हरित विद्युत् चतुर, महादेशीय, संवादात्मक शक्ति ग्रिडमा किनबेच गर्नु ।

चौथो औद्योगिक क्रान्तिले आङ्किक (डिजिटल) क्रान्ति विकास, समाज र मानव शरीरमा सन्निहित नयाँ प्रविधि प्रस्तुत गरिएको छ । चौथो औद्योगिक क्रान्तिले रोबोटिक्स, आर्टिफिसियल इन्टेलिजेन्स, नानोटेक्नोलोजी, क्वान्टम कम्प्युटिङ, बायोटेक्नोलोजी, इन्टरनेटका सामग्रीहरू, तीन आयामिक छापा (घम एचष्लतष्लन) र स्वचालित यातायातका साधनहरूको आविष्कारले क्रमभङ्ग गरेको छ ।५

**श्रम स्थानान्तरण**

मार्क्स-एङ्गेल्सको पालामा नै आधुनिक उद्योगहरूको स्थापनाले विस्थापित हुन पुगेको श्रमजीवी मजदुर वर्ग चौथो औद्योगिक क्रान्तिसम्म आइपुग्दा श्रम नै स्थानान्तरण हुन पुगेको छ । शिक्षामा पहुँच, यातायातको सुविधा र यातायातका साधनमा विकास, विज्ञानप्रविधि र सूचनाप्रविधिको विकास, सूचनाप्रविधि उत्पादनले उद्योगको रूप लिएका कारण शारीरिक श्रम शक्तिको खपत असाध्यै कम भएको र मानसिक श्रमको बढेर गएको छ । औद्योगिक उत्पादनमा विज्ञानप्रविधि र सूचनाप्रविधिको अतिप्रयोगले अति दक्ष र दक्ष श्रमिकबाहेक अरू सबै विस्थापित भैराखेका छन् । अति दक्ष र दक्ष श्रमिकहरू पनि केही समयपछि नयाँ प्रविधिको आविष्कार र विकासले विस्थापित गरिदिने गरेको छ । यो प्रक्रियाले औँलामा गन्न सकिने धनाढ्यको हातमा विश्वभरिको आधाभन्दा बढी पुँजी पुगेको छ भने इतिहासमा नै सबैभन्दा बढी सङ्ख्याका मान्छे बेरोजगार हुन पुगेका छन् ।

**नेपालको अवस्था र समाजवाद**

नेपालमा पनि लामो समयदेखि उत्पादनप्रणाली र उत्पादक शक्तिका बीचमा लामो समयदेखि सङ्घर्ष चल्दै आएको छ । सयौँ वर्षदेखि अव्यवस्थित र व्यवस्थित सङ्घर्षकै कारण सामन्तवादी अर्थप्रणालीलाई तोड्दै अहिले दलाल पुँजीवादी अर्थप्रणाली विद्यमान छ । पुँजीवादको पूर्ण विकास नभए पनि वर्तमान विश्व पुँजीवादका सबै विशेषताहरू नेपाली दलाल पुँजीवादले पनि अँगालेको छ । उसले उत्पादन प्रणाली र वितरण प्रणालीमाथि उसको एकलौटी आधिपत्य रहेको छ । नेपालमा अहिले श्रम स्थानान्तरण भएको जनसङ्ख्या ठूलो छ । यो जनसङ्ख्याको ठूलो अंशले रोजगारी पाएको छैन । रोजगारी पाएको जनशक्तिले पनि श्रमको उचित मूल्य पाएको छैन । दलाल पुँजीवादी राज्यले यहाँका जाति, क्षेत्र र लिङ्गका आधारमा शोषण गरिएको छ ।

नेपालको दलाल पुँजीवादमा निगम पुँजीवाद, नोकरशाही पुँजीवादको सम्मिश्रण रहेको छ जसका बारेमा माथि उल्लेख गरिएको छ । देशभित्रको साधनस्रोतमाथि दोहन गर्ने, श्रमिकमाथि शोषण गर्ने यसरी जम्मा गरेको पुँजी विदेश पलायन गर्ने दलाल पुँजीवादको विशेष विशेषता हो । यो प्रक्रिया उत्पादन र वितरणमा देखापरेको अराजकता हो । यो अराजकतालाई तोड्नुपर्छ । यसै सन्दर्भलाई लिएर एङ्गेल्स भन्नुहुन्छ, 'अबदेखि एक पूर्वनिश्चित योजनाअनुसार

... बाँकी पृष्ठ ७ मा

# दलालका विरुद्ध निर्णायक सङ्घर्ष गर्छौं



**बाबुराम राई 'विवश'**
संयोजक
राष्ट्रिय युवा जनस्वयम्सेवक

» ***तपाईंहरूको सङ्गठन अहिले के गरिराखेको छ ?***

हाम्रो सङ्गठन राष्ट्रिय युवा जनस्वयम्सेवक हाल पार्टीको ३ महिने एकीकृत जनजागरण अभियानलाई सहयोग गर्दै यही फागुन ६ र ७ गते विराटनगरमा सम्पन्न हुन गइरहेको सङ्गठनको तेस्रो राष्ट्रिय सम्मलनको तयारीमा जुटेको छ ।

» ***तपाईंहरूको सङ्गठनका मुख्य उद्देश्यहरू केके हुन् ?***

हाम्रो सङ्गठनको मुख्य उद्देश्य भनेको क्रान्तिको आशालाई जगाउँदै आजको विज्ञान र प्रविधिमा टेकेर समाजमा भएका सबैखाले राजनीतिक, सामाजिक, सांस्कृतिक, विकृतिको अन्त्य गर्नु हो।

» ***नेपाली युवाहरूको अहिलेको अवस्थालाई कसरी हेरिरहनुभएको छ ?***

नेपालका युवाहरू आज राजनीतिक हिसाबले कसै न कसैको हातबाट दुरुपयोग हुने अवस्थामा रहेको छ । कुनै पनि कोणबाट ऊ स्वतन्त्र र आत्मनिर्भर छैन । विभिन्न मनोविज्ञानबाट प्रभावित बन्दै कुनै पार्टी, संस्था र व्यक्तिविशेषको रहस्यमा चल्दिनुपर्ने बाध्यतामा रहेको छ। आफूलाई आजको युग र प्रविधिबाट लैस गराउने उत्कट अभिलाषा हुँदाहुँदै देशमा रोजगारी र क्षमताको उचित कदर नहुँदा सङ्कट व्यवस्थापनका नाममा आधुनिक दास बनेर विदेश जानुपर्ने र लास बनेर फर्कनुपर्ने अत्यन्तै पीडादायी अवस्थामा रहेको पाउन सकिन्छ । यसरी युवाहरू विभिन्न क्षेत्रमा भौंतारिन बाध्य भएका छन् ।

» ***नेपालका युवाहरू अधिकांश बेरोजगार छन् । रोजगारी पाए पनि न्यून तलबी छन् । कैयौँ युवाहरू समस्याहरूले ग्रसित छन् । यस्तो अवस्थामा तपाईंहरूले कस्तो कार्यक्रम ल्याइरहनुभएको छ ?***

यो बेरोजगारीको समस्या भनको राज्यसत्ताको नीतिमा आएको समस्या हो जसका निम्ति बेरोजगारीको हल गर भनेर राज्यलाई दबाब दिएर पुग्दैन। जहाँसम्म न्यून तलबी कुरा छ, त्यो हल भनेको देशमा विकास हुनुपर्‍यो। नेपाल आफैँमा प्राकृतिक र भौगोलिक हिसाबले वैभवशाली मुलुक भएको हुनाले प्रशस्त मात्रामा विकासका सम्भावना छन् । तसर्थ बेरोजगारी हल गर्न विकासको अनिवार्यता हुन्छ । उद्योगधन्दा, कलकारखाना, खानी सञ्चालनका निम्ति राज्यलाई वैधानिक ढङ्गले लैजान र नेपालमा रहेको उद्योगधन्दालाई सञ्चालन गर्न सङ्घर्षको कार्यक्रम ल्याउँदैछौं । विभिन्न कालखण्डमा गरिएका असमान सन्धि समझौताद्वारा उपनिवेश लादिएका कारण नेपाल परनिर्भर भएको छ। यी सबै बाधाअड्चनका विरुद्धमा सङ्घर्ष गर्दै रोजगारी, विकास र राष्ट्रियतासम्बन्धी कार्यक्रमहरू ल्याउँछौं।

➲ ***नेपालको राष्ट्रियता इतिहासमै सबैभन्दा जोखिममा छ । राष्ट्रियताका मुद्दालाई लिएर तपाईंहरूको सङ्गठनले के गरिराखेको छ ?***

हो, आजको एउटा मुख्य समस्या भनेको राष्ट्रियता हो । नेपालका संसदीय राजनीतिज्ञहरूमा देखिएको आत्मसमर्पणवादी प्रवृत्तिका कारण राष्ट्रियता सङ्कटमा परिरहेको छ । यही आत्मसमर्पणवादी, घुँडाटेकुवा प्रवृत्तिका कारण मुलुक स्वाधीन बन्न सकिरहेको छैन । बिनास्वाधीनता, बिनाविकास देशमा रोजगारीको कुनै सम्भावना हुँदैन । तसर्थ यो सङ्कटलाई क्रान्तिमा बदल्न हामी सशक्त युवा अभियानको तयारीमा छौं । निकट भविष्यमा नै विराटनगरमा सम्पन्न हुँदै गरेको सङ्गठनको तेस्रो राष्ट्रिय सम्मेलनले नीति तथा कार्यक्रम ठोस गरेर अगाडि बढ्नेछ जसअनुसार सीमा बचाउ अभियानदेखि लिएर विभिन्न कालखण्डमा भएका राष्ट्रियताविरोधी असमान सन्धिसम्झौता खारेजी, राजनीतिक, सांस्कृतिक, भौगोलिक हस्तक्षेपका विरुद्ध सशक्त युवा आन्दोलनको तयारी गरिनेछ।

» ***राष्ट्रिय सम्मेलनमा कस्ता नीति तथा कार्यक्रमहरू पारित गर्दै हुनुहुन्छ ?***

आगामी नीति तथा कार्यक्रम विगतको जस्तो मातृसङ्गठनको निश्चित मार्गदर्शक सिद्धान्तलाई मात्र अङ्गीकार गर्ने नभई आम युवाहरूलाई राष्ट्रियताका पक्षमा गोलबन्द गर्ने, भ्रष्टाचारको विरुद्धमा सङ्गठित गर्ने, रोजगारी सिर्जनाका लागि पहलकदमी लिने, समाजमा हुने खराबीका विरुद्धमा सङ्घर्ष गर्ने, सामाजिक दलाल तथा राष्ट्रिय दलालका विरुद्ध निर्ममतापूर्वक आन्दोलन सञ्चालन गर्ने नै हुनेछ । विशेषगरी पार्टीको एकीकृत जनक्रान्तिको कार्यदिशामुताबिक सङ्गठित नभएका युवाहरूलाई सन्दर्भअनुसार अल्पकालीन र दीर्घकालीन ढङ्गले सङ्गठित गर्दै सङ्गठन विस्तार गर्ने विषयमा नै केन्द्रित हुनेछौं । त्यसमा पनि राष्ट्रियताका पक्षमा र भ्रष्टचारविरुद्ध विशेष योजना बनाउनेछौं।

» ***देशको राष्ट्रियता, जनतन्त्र, जनजीविका जोखिममा परिराखेको छ । तर नेपालका युवाहरू रोजगारीका लागि अरबको खाडीमा जान अन्तर्राष्ट्रिय विमानस्थलमा हजारौंको सङ्ख्यामा लामबद्ध भैराखेका छन् । यी युवाहरूलाई देश र जनताका पक्षमा आन्दोलनमा लाग्नका लागि कस्ता मुद्दाहरू तय गर्दै हुनुहुन्छ ?***

इतिहासमा जेजति सङ्घर्षहरू भएका छन् ती सबै राष्ट्रियता, जनतन्त्र र जनजीविकाको सवालमा भएका भएका छन् । यद्यपि निश्चित कालखण्डपछि पार्टी र संस्थाविशेषको नीतिमा व्यक्तिवाद हावी भएकाले (पछिल्लो चरणमा नेतृत्व विशेषको रुचि) युवा आन्दोलनले सही मोड लिन सकेन। बीचैमा तुहिने र आन्दोलन धराशायी हुने अवस्था भयो। यो ऐतिहासिक तीतो सत्यलाई हामीले आजको अवस्थामा नयाँ र बृहत् रूप दिन जरुरी भएको निष्कर्ष निकालेका छौं। अबको आम युवा आन्दोलनलाई कुनै पार्टीविशेष, संस्थाविशेष नभई राष्ट्रियता र रोजगारीसँग जोड्न जरुरी छ। भ्रष्टाचारलाई नियन्त्रण गर्दै सुशासनका पक्षमा सम्पूर्ण युवाशक्तिलाई सडकमा उतार्नु नै हाम्रो मुख्य अभिभारा भएको हुनाले देशको सम्भावित विकासे कार्यक्रममा युवाहरूलाई जोड्न जरुरी ठानेका छौं। देशमा स्वरोजगारी सिर्जना गरी सबै युवाहरूलाई रोजगार दिनु पर्दछ किनकि कुनै पनि देशको भविष्य कस्तो हुने भन्ने कुरा युवाहरूको श्रम र सिर्जनामा भर पर्दछ। जबसम्म राजनीतिमा भ्रष्टाचारको अन्त्य हुँदैन तबसम्म रोजगारीको सिर्जना गर्न कठिन हुन्छ । यो नियतिलाई सदाका निम्ति अन्त्य गर्ने आम युवा नीति हामीलाई जरुरी भएको हुँदा रोजगारी र राष्ट्रियताका पक्षमा, भ्रष्टाचारका विरुद्ध र वैदेशिक हस्तक्षेपका विरुद्ध अभियान सञ्चालन गर्ने मुद्दाहरू तय गर्दैछौं।

» ***नेपालमा विभिन्न राजनीतिक पार्टीका युवक सङ्गठनहरू छन् । तिनीहरूभन्दा तपाईंहरू के कुरामा फरक हुनुहुन्छ ?***

नेपालमा विभिन्न राजनीतिक पार्टीका युवा सङ्गठनहरू छन् तर सम्बन्धित राजनीतिक पार्टीका युवक सङ्गठनहरू आजका आम युवकयुवती तथा तत्कालीन मनोविज्ञानसँग सम्बन्धित छन् कि छैनन्, आम युवाहरूप्रति उत्तरदायी छन् कि छैनन् भन्ने कुरा मुख्य हो । हाम्रो युवा सङ्गठन राष्ट्रियता, जनतन्त्र र जनजीविकाका पक्षमा निरन्तर सङ्घर्ष गर्दै देशमा कसरी विकास, शान्ति र समृद्धि कायम गर्ने भन्ने विषयमा चिन्तनमनन गर्ने वैचारिक सङ्गठनका रूपमा अगाडि बढेको सङ्गठन हो। यसले एकीकृत जनक्रान्तिको कार्यदिशामार्फत वैज्ञानिक समाजवाद प्राप्त गरी आम युवाको रोजगारीको ग्यारेन्टी स्वदेशमा नै हुनुपर्ने मान्यता राख्छ। जसले कुनै संस्था पार्टीविशेष नभई राष्ट्र, राष्ट्रियता र रोजगारीका पक्षमा भ्रष्टाचारी, कालोबजारी र कमिसनखोरको विरुद्धमा वकालत गर्दछ । राष्ट्रियताको रक्षा स्वयम्सेवकको भूमिकामा आफूलाई अब्बल तुल्याउन सदैव अग्रसर रहन्छ । आजको 'सामाजिक दलाल पुँजीवाद' लाई परास्त गर्ने वैचारिक अडान कायम राख्छ । भ्रष्टाचार, राष्ट्रघात, जनघात र फासिवादका विरुद्ध आफूलाई खरो उतार्न प्रतिबद्ध रहँदै मालेमावादको विकाससहित रक्षाका निम्ति आफूलाई साँघुरो घेराबाट बाहिर ल्याउन सदैव प्रयत्नरत रहन्छ । तर अन्य राजनीतिक पार्टीका युवा सङ्गठनहरू प्रतिगामी राज्यसत्ताको पक्षपोषण गर्दै वर्तमान दलाल राज्यव्यवस्थाको साँघुरो घेरामा रहेको पाइन्छ । यो मानेमा हाम्रो सङ्गठन अन्य राजनीतिक पार्टीका युवा सङ्गठनहरूभन्दा फरक छ।

## मुसहरबस्तीमा नेकपा

■ रातो खबर संवाददाता/

नेकपा धनुषाको आयोजनामा मिथिला बिहारी नगरपालिकाअन्तर्गत भुतहीपटेरुवा मुसहरबस्तीमा एक कार्यक्रम सम्पन्न भएको छ। लामो समयदेखि राज्यको पहुँचभन्दा टाढा रहेको उक्त बस्तीमा मङ्गलबार भएको कार्यक्रममा मुसहर समुदायका मानिसहरूले आफूहरूको हितमा नेकपाले काम गर्ने आशा व्यक्त गरे। बस्तीका प्रायः सबै सहभागी रहेको उक्त कार्यक्रममा नेकपाका केन्द्रीय सदस्य देवनारायण शाह, जिल्ला इन्चार्ज राजु कार्की, सेक्रेटरी अमर धमला, जनसत्ताका प्रतिनिधि बिहारी राय, किशोरी महरा, शोभित दाहलगायतले जनजागरण अभियानका बारेमा बोलेका थिए। सङ्गठन विस्तारका क्रममा राज्यबाट पछि पारिएको उक्त मुसहरबस्तीमा आफ्नो पार्टी पुगेको जानकारी कार्कीले दिए।

## वर्तमान परिस्थिति र नेपाली राष्ट्रियताको प्रश्न

*(नेकपा पर्साद्वारा मङ्गलबार वीरगन्जमा आयोजित अन्तरक्रियामा प्रस्तुत अवधारणापत्र समसामयिक भएकाले यहाँ प्रस्तुत गरिएको छ - **सम्पादक**)*

**१) समस्याहरूको प्रस्तुति**

१.१) सुगौली सन्धिदेखि अहिलेसम्म नेपाल र भारतबीच भएका असमान सन्धि-सम्झौताहरूद्वारा नेपाल अर्धसामन्ती र अर्धऔपनिवेशिकबाट नवऔपनिवेशिक अवस्थामा पुगेको छ। विश्व साम्राज्यवाद निगम पुँजीवाद (उत्तरसाम्राज्यवाद) मा पुगेको स्थितिमा यहाँ निगम पुँजीवादका दलालहरूले राज्यसत्ता हातमा लिएका छन्। त्यसकारण नेपाली श्रमजीवी तथा उत्पीडित जनता र दलाल पुँजीवादका बीचको अन्तरविरोध प्रमुख बन्न गएको छ।

१.२) राजनीतिक रूपमा दलाल पुँजीवाद दुईमा विभाजित भएको छ। लोकतान्त्रिक गठबन्धनले पुरातन दलाल पुँजीवाद र वाम गठबन्धनले नूतन दलाल पुँजीवाद एवम् सामाजिक दलाल पुँजीवादको प्रतिनिधित्व गर्दछन्। नूतन दलाल पुँजीवाद एवम् सामाजिक दलाल पुँजीवादले कम्युनिस्ट घुम्टो ओढेर जनतालाई भ्रम पारिरहेका छन्।

१.३) नेपालमा संसदीय व्यवस्था स्थापना भएपछि यहाँका राष्ट्रिय उद्योग तथा कलकारखानाहरू विस्थापित भएका छन् र नेपाल एकाधिकार पुँजीवादीहरूको माल बिक्री गरिदिने बजार मात्र भएको छ।

१.४) शिक्षा, स्वास्थ्य र सञ्चार क्षेत्र एकाधिकारवादी माफियाहरूको हातमा छ। यसले सरकारी शिक्षा, स्वास्थ्य र सञ्चार संस्था नकाम बनाइदिएको छ भने जनतामाथि ब्रह्मलुट मच्चाइरहेको छ।

१.५) विकास निर्माणको क्षेत्र आर्थिक भ्रष्टाचारको अर्को नाम भएको छ। यस क्षेत्रमा विलम्ब हुनुको कारण ठेकेदारहरू मात्र जिम्मेवार छैनन्, प्रधानमन्त्री, मन्त्री र नोकरशाहीतन्त्र समेत जिम्मेवार छन्। नारायणघाट-मुग्लिन सडक विस्तार, काठमाडौंलगायत सडक विस्तारमा विलम्ब यसैको परिणाम हो।

१.६) प्राकृतिक साधन-स्रोतहरूमाथि भारतीय एकाधिकारवादी पुँजी कम्पनीहरूको गिद्देदृष्टिले नेपाली राष्ट्रियतामाथि खतराको घन्टी बजिरहेको छ। उपल्लो कर्णाली, अरुण तेस्रो, कोसी उच्च बाँध यसका ताजा उदाहरण हुन्।

१.७) कृषि उद्योगहरू तरकारी खेती, पशुपालन, कुखुरापालन, मत्स्यपालन, फलफूल खेती, माहुरीपालन, जडीबुटी खेती इत्यादिको विकासलाई रोक्न दलाल पुँजीवादी संसदीय ब्यवस्थामार्फत भारतीय साम्राज्यवादले भूमिका खेलेको छ।

१.८) भारतले नेपालको सीमा अतिक्रमण गर्ने प्रक्रियालाई अहिले पर्सा जिल्लाको छपकैयासम्म आइपुग्दा चरम अवस्थामा पुर्‍याएको छ। भारतीय गुप्तचर संस्था 'र' का पूर्वअधिकृत आरके यादवले आफ्नो किताब 'मिसन र' मा भनेका छन्, 'काओले मलाई भने सिक्किमको भारतमा विलय भएपछि उनको योजना नेपालको तराई क्षेत्रलाई पृथक बनाउने थियो किनभने त्यहाँ चीनको बढ्दो उपस्थितिले भारतीय प्रधानमन्त्री इन्दिरा गान्धीलाई धेरै भयभीत बनाएको थियो। उनले १९७५ मा नै भारतमाथि माओवादी खतराको भविष्यवाणी गरेका थिए जुन अहिले भारतका लागि गम्भीर सुरक्षा-चुनौती बनिरहेको छ। तथापि भारतमा राजनीतिक आन्दोलनका कारणले नेपालको तराई क्षेत्रलाई गाभ्ने योजना स्थगित भएको थियो जसबेला इन्दिरा गान्धीले सिक्किमलाई भारतीय सङ्घमा विलय गरेलगत्तै सङ्कटकाल घोषणा गरेकी थिइन्। धेरैजसो विपक्षी नेताहरूलाई उनले गिरफ्तार गरिन् र अरू बाह्य क्षेत्रीय योजना सूत्रीकरण गर्न उनलाई आन्तरिक राजनीतिक आँधीले अवरोध गर्‍यो। दुर्भाग्यवश १९७७ मा भएको चुनावमा इन्दिरा गान्धी पराजित भइन् र उनको पार्टी सत्तामा आउन सकेन अनि काओको तराईलाई विलय गराउने योजना र अन्य कार्यहरू कार्यान्वयन हुन सकेनन्।'-पृ.२६३।

इन्दिरा गान्धिको निर्देशन र तत्कालीन 'र' प्रमुखले बनाएको योजना त्यतिबेला स्थगित मात्र भएको थियो। अब यसलाई कार्यान्वयनमा लैजान भारतीय शासकहरू घुँडा धसेर लागेका छन्।

१.९) स्थानीय चुनाव, प्रदेश र प्रतिनिधिसभा चुनावमा कुनै पनि श्रमजीवी र उत्पीडित जनताको प्रतिनिधि नचुनिएर भ्रष्टाचारी, ठेकेदार, घनाढ्य, गुन्डा र दलालहरू मात्र चुनिएका छन्। अबको संसदीय चुनाव नेपालको पञ्चायतको चुनावभन्दा पनि प्रतिक्रियावादी र फासिस्ट भएको छ।

१.१०) जनताका दैनिक उपभोग्य वस्तुहरू बजारमा श्रमजीवी तथा उत्पीडित जनताका लागि छुनै नसकिने भएका छन्।

**२) समस्याको विश्लेषण**

२.१) नवऔपनिवेशिक अवस्थाले दलाल पुँजीवाद जन्माएको छ। त्यसले गर्दा कुनै पनि असमान सन्धिसम्झौताहरू खारेज हुने छैनन्। यसका अलावा ती माथि अरू थपिनेछन्। दलाल पुँजीवादका विरुद्ध नेपाली देशभक्त, किसान, मजदुर, सिपाही र राष्ट्रिय पुँजीपति वर्ग एक भएर लड्नुको विकल्प छैन।

२.२) पुरातन दलाल र नूतन दलाल (सामाजिक दलाल पुँजीवाद) एउटै थैलीका चट्टेबट्टे हुन्। नूतन दलालहरूलाई साम्राज्यवादीहरूले (निगम पुँजीवादीहरूले) सच्चा कम्युनिस्टहरू ध्वस्त पार्न उक्साएका छन् किनभने ती हरियो घाँसभित्रका हरिया सर्प हुन्। त्यसकारण वाम गठबन्धनको खास्टोभित्र लुकेको सामाजिक दलाल पुँजीवादको खास्टो च्यातिदिनुको विकल्प छैन। पुराना दलाल र नवदलाल दुवै उही वर्गका हुन् अर्थात् शोषक वर्गका हुन्। तर दुईदलीय व्यवस्थाको आलोपालो गर्ने एकाधिकार कायम गर्न उनीहरू दुई दलमा बाँडिएका छन्।

२.३) संसदीय व्यवस्था, त्यसमा पनि दलाल पुँजीवादी संसदीय व्यवस्थाले राष्ट्रिय उद्योगधन्दा विकास गर्न सक्तैन किनभने साम्राज्यवादलाई एकाधिकारवादी बजार बनाउन छोडिदिनुपर्दछ। दलाल पुँजीवाद भनेकै त्यही हो।

२.४) शिक्षा, स्वास्थ्य र सञ्चार क्षेत्रलाई दलाल पुँजीवादले निजीकरण र उदारीकरणको सिकार बनाएको छ। साम्राज्यवादीहरूले यहाँका दलालहरूलाई किनेर आफ्ना निजी संस्था खडा गरी जनताको खुनपसिनाबाट नाफा मात्र होइन, ब्रह्मलुट मच्चाइरहेका छन्। यही व्यवस्थाको पूजा गरेर यसको अन्त्य हुन सक्तैन।

२.५) जनताको रगतपसिनाबाट खडा भएको बजेट विकास निर्माणमा हालिन्छ। विदेशी अनुदान र सहयोग पनि यसमा पर्छ। तर यो फेरि नेपाली दलाल पुँजीवादी र साम्राज्यवादीहरूकै खल्तीमा पुग्छ। जनताले अन्ततः दुःखकष्ट पाइरहेका छन्। यसबाट मुक्ति पाउन पनि दलाल पुँजीवादी संसदीय व्यवस्थाकै विरुद्ध लड्नुपर्छ।

२.६) नेपालको खानी, पानी, जडीबुटी, जङ्गल सबै विदेशी र नेपाली दलालहरूले कब्जा गरिराखेका छन्। जमिनमा भूमाफियाहरूले कब्जा जमाएका छन्। सरकारको योजनामा सहर र सहरका पूर्वाधारहरू कतै बनेका छैनन्। सन्ततिको भविष्य अन्धकार बनाएका छन्।

२.७) नेपालमा कुखुरापालन राम्रो भयो भने कृत्रिम तरिकाले बर्ड फ्लु लागेको छ भन्ने बाहनामा कुखुराहरू सखाप पारी किसानहरूलाई रुवाउँदै भारतबाट कुखुराको मासु भित्र्याइन्छ। यहाँको जैविक मलबाट उत्पादित तरकारी सस्तोमा भारत पठाइन्छ भने त्यहाँको सुई लगाएर रातारात बढाइएको र महँगो यहाँ ल्याइन्छ। सरकारले यसबाट जनतालाई परेको मर्का बुझ्दैन किनभने यो जनताको सरकार होइन।

२.८) भारतको सीमा अतिक्रमण नेहरूकै सिद्धान्तमा आधारित छ। उनले यसलाई भारतकै स्वतन्त्र राज्य भनेका थिए। त्यसपछि उनकी छोरी इन्दिरा गान्धीको निर्देशन र 'र' संस्थापक रामेश्वरनाथ काओले बनाएको योजनाअनुसार सकेसम्म सिक्किम बनाउने नभए तराईलाई भारतमा गाभ्नेमा भारतीय शासक वर्ग रहेको छ। यसको विरोधमा आजसम्म जसले आवाज उठाए ती सबै दलालै बनेर गए। यसले गर्दा जनतालाई भ्रम नै परेको छ। यसका विरुद्ध पनि इमानदारीपूर्वक क्रान्ति गर्न आवश्यक छ।

२.९) संसदीय चुनावबाट जनताका समस्या समाधान हुँदैनन् भन्ने कुरा साबित भएको छ। यसबाट गरिबको राज्यसत्ता कुनै पनि हालतमा आउन सक्तैन। आजको संसद् लेनिनको पालाको डुमा र नेपालको पञ्चायतजस्तो पनि छैन जहाँ पुगेर जनप्रतिनिधिले जनताका आवाज घन्काउँथे। अहिलेको संसदीय व्यवस्थामा पहिलो कुरा छ। बन्दुक र पैसा नभएको मान्छेले जित्नै सक्तैन। कथंकदाचित संसद्मा पुग्यो भने पनि खरिदबिक्रीमा परेर जनआवाज उठाउनै सक्तैन।

२.१०) महँगी र भ्रष्टाचार राज्यसत्ताका सम्पूर्ण अङ्गले नै गर्ने छूट दिएपछि यो व्यवस्थाअन्तर्गत यसको पूर्ण समाधान हुन सक्तैन। हडताल, जुलुस र प्रदर्शनले पनि यसलाई हटाउन धेरै गाह्रो हुन्छ।

**३) समस्याको संश्लेषण**

यी सम्पूर्ण समस्याको अन्तिम समाधान भनेको एकीकृत जनक्रान्ति नै हो। दलाल पुँजीवादी संसदीय व्यवस्था उन्मूलन गर्न वर्गसङ्घर्ष र राष्ट्रियताको आन्दोलन जरुरी छ। यो अत्याचारी व्यवस्थाको विकल्प भनेको अन्ततः वैज्ञानिक समाजवाद नै हो। राष्ट्रियताको आन्दोलन र वर्गसङ्घर्ष एकीकृत भएपछि एकीकृत जनक्रान्ति नै हुन्छ।

# औपनिवेशिक शिक्षाविरुद्ध वैज्ञानिक समाजवादी शिक्षा



भीष्मकुमार शाही

*वैज्ञानिक समाजवादी शिक्षामा शिक्षा समान हुन्छ । सबैशिक्षालयमा समान आर्थिक लगानी हुन्छ । पाठ्यक्रम, भौतिक संरचना सबै समान हुन्छ । वैज्ञानिक पाठ्यक्रम र वस्तुवादी शैक्षिक क्यालेन्डर हुन्छ । दक्ष जनशक्ति भएका शिक्षकहरुको व्यवस्था हुन्छ । त्यसपछि प्रतिस्पर्धा पनि समान हुन्छ । त्यहाँ शिक्षामा निजीकरण र व्यापारीकरण हुँदैन । शिक्षा राज्यको दायित्वभित्र आइसकेपछि यो समाजवादी दृष्टिकोणबाट निर्देशित हुन्छ । वास्तविक समानता कायम हुन्छ । यस्तो शिक्षालेमात्र साम्यवादी समाज स्थापना गर्ने चेतनाको विकास गराउँछ ।*

## १. भूमिका

नेपाल कम्युनिस्ट पार्टीले नेपालको दलाल संसदीय व्यवस्थाको विकल्पवैज्ञानिक समाजवादी व्यवस्था दिएपछि अहिले शिक्षाकाबारेमा हाम्रो सङ्गठनको धारणा के हुने?वैज्ञानिक समाजवादी शिक्षा के हो ? भन्ने विषयमाजिज्ञासा उठेका छन् ।कम्युनिस्ट पार्टीले समाजवादी व्यवस्थामा कस्तो शिक्षा लागू गर्न चाहन्छ?यो शिक्षानीतिले राष्ट्र र जनताको जीवनमा के प्रभाव पार्दछ ?यो कसरीलागू हुन्छ ?नेपालमा हाल सञ्चालित शिक्षा के हो ?यसका समस्या केके हुन् । यो शिक्षा र समाजवादी शिक्षामा के अन्तर छ ?मूलतःयिनै जिज्ञासामा केन्द्रित रहेर यहाँ चर्चा गरिएको छ ।

हरेक नागरिकको युगअनुकूल ज्ञान,सीप र क्षमता अभिवृद्धिका साथै व्यक्तित्व निर्माण गर्ने, राष्ट्रको हित संरक्षण गर्ने, न्यायका पक्षमा निरन्तर लड्ने,अन्तर्राष्ट्रिय चुनौतीसँग प्रतिस्पर्धा गर्न सक्ने,सैद्धान्तिक एवम् व्यावहारिक ज्ञानले भरिपूर्ण नैतिकवान् जनशक्ति उत्पादन गर्ने संरचना नै शिक्षा हो ।महान् विचारक मार्क्सले सबै बालबालिकालाई निःशुल्क शिक्षा भन्नुभएको छ । यो भनाइले के स्पष्ट हुन्छ भने शिक्षा र संस्कृतिको उद्देश्य केवल दुनियाँको व्याख्यामात्र होइन, बदल्ने चेतना समेत दिनुपर्छ ।

नेपालको वर्तमान शिक्षा औपनिवेशिक शिक्षा प्रणाली हो । यसले गुलामहरु जन्माउँछ । यो मौलिकताविरोधी छ । यसलाई व्यवहारबाट अलग गरिएकोछ । वैज्ञानिक समाजवादी शिक्षा द्वन्द्वात्मक भौतिकवादी दृष्टिकोणवाट निर्देशित हुन्छ । वैज्ञानिक,वस्तुवादी र श्रमसित गाँसिएको हुन्छ ।

औपनिवेशिक शिक्षा र वैज्ञानिक समाजवादी शिक्षाको वारे थप स्पस्टपार्न निम्न वुँदाहरुको व्याख्य गर्न जरुरी हुन्छ :

१. शिक्षा मौलिक र देशको भौगोलिकताअनुरूप व्यावहारिक हुन्छ ।
२.यो वैज्ञनिक र वस्तुवादी हुन्छ ।
३.यो औपनिवेशिक शिक्षानीतिको विरुद्धमा हुन्छ ।
४. मातृभाषामै पठनपाठनको व्यवस्था हुन्छ।
५.शिक्षाको सम्पूर्ण भार राज्यले लिन्छ ।
६.शिक्षा समान र जनमुखी हुन्छ ।

## १. शिक्षा मौलिक र देशको भौगोलिकता अनुरूप व्यावहारिक हुन्छ

हाम्रो देशको शिक्षा पूरै अव्यावहारिक र अवैज्ञानिक छ । अहिलेका विद्यार्थी शिक्षा अध्ययन गर्छन्, डिग्री पास गर्छन्, सिरानीमा सर्टिफिकेट राखेर विदेशको सपना देख्छन् । युवा विद्यार्थीलाई श्रमबाट कति धेरै कटाइएको छ भने आफ्नो देशमा हलो जोत्न लाजमान्छ तर विदेशमा सिनो बोक्नदेखि चर्पी सफा गर्नसम्म तयार हुन्छ । यस्तो बुर्जुवा शिक्षाले मानिसको जीवनलाई संकटतिर धकेल्छ ।

आफ्नो बारीमा घाँस उम्रेको हुन्छ । नजिकै भारतवाट आयातित पसलमा विषादी हालेको तरकारी किनेर खान्छ । शैली र व्यवहार रुखो हुन्छ । यस्तो संस्कार विकास गर्नु बुर्जुवा शिक्षानीतिको धर्म नै हो। प्राविधिक ज्ञान कति कमजोर छ भने सामान्य बत्तीको प्लग बिग्रिएपछि बदल्न सक्दैन।

वैज्ञानिक समाजवादी शिक्षा देशको मौलिकता,भौगोलिकता र जनताको प्रत्यक्ष श्रमसित गाँसिएको हुन्छ । हामीहाम्रो शिक्षालाई जनताको श्रमसित जोड्छौँ । कम्तीमा १० वर्षसम्म अध्ययन गरिसकेपछि आफ्नो खुट्टामा बाँच्न सक्ने नागरिक तयार गर्दछ । शिक्षा हाम्रो देशको मौलिकता र भौगोलिकताअनुसारको हुन्छ । भौगोलिक रूपमा हाम्रो देश तीन प्रदेशमाविभाजितछ : तराई,पहाड र हिमाल । तराईमा प्रशस्त अन्नबाली उत्पादन हुन्छ । तराईमा एक वर्ष फलेको धान नेपालमै वितरण गर्ने हो भने हरेक नेपालीलाई दुई वर्ष खान पुग्छ । त्यो महँगो चामल सबै विदेश निर्यात हुन्छ । विदेशी मिलमा फलामका टुक्रा मिसिएको गुणस्तरहिन चामल खान हामी बाध्य छौ । तराईमा एउटा कृषि विश्वविद्यालय खोलिन्छ । बिहान कलेजमा अध्ययन गर्ने र दिउँसो खेतबारीमा काम गर्ने व्यवस्था गरिन्छ । त्यो व्यवहारिक शिक्षा हुन्छ ।

त्यस्तै पहाडमा प्रशस्त कोसेबाली र सनपाटसम्बन्धी राम्रो सम्भावना छ । त्यहाँ कोसेबाली तथा सनपाट प्रशोधनसम्बन्धी विश्वविद्यालय बनाउने, बिहान कलेजमा अध्ययन गर्ने र दिउँसो प्रशोधन उद्योगमा काम गर्ने व्यवस्था गरिनेछ । त्यो पहाडी भौगोलिकताअनुसारको व्यावहारिक शिक्षा हुन्छ । अस्तै अन्य विषयमा पनि गर्न सकिन्छ । हामी त्यो गर्नेछौँ ।

हाम्रो देशमा चलेका विश्वविद्यालयको शिक्षा सङ्कायको उद्देश्य भनेको दक्ष जनशक्ति भएको शिक्षक उत्पादन गर्ने हो । अहिले नेपालमा ३० देखि४५ दि प्राक्टिकल गरेर दक्ष शिक्षक उत्पादन हुँदैन । त्यसकालागि बिहान कलेजमा पढ्ने, दिउँसो प्रावि,मावि र उमाविमा पढाउने व्यवस्था गरियो भने मात्र त्यो व्यावहारिक शिक्षा बन्छ र दक्ष शिक्षक उत्पादन गर्न सकिन्छ । त्यो वैज्ञानिक समाजवादी शिक्षाप्रणालीमा गरिन्छ । हाम्रो देशमा हाइड्रो इन्ड्रस्टीको राम्रो सम्भावना छ । त्यस्तै पर्यटन उद्योगको राम्रो सम्भावना छ । सुविधासम्पन्न प्राविधिक विश्वविद्यालय खेलिन्छ । कलेजमा हाइड्रो टेक्निकल शिक्षा अध्ययन गराइनेछ ।प्राक्टिकल गर्न नेपालका खोलानालाहरुमा जलविद्युत् उत्पादन गर्ने हो भने एकातिर राम्रो हाइड्रो प्राविधिकहरु उत्पादन गर्नसक्छौँ भने अर्कोतिर नेपालको विद्युत् क्षमता वृद्धि गरी विद्युत् निर्यात घटाउन सक्छौँ । पर्यटकीय प्राविधिक शिक्षा अध्ययन गराउने र सुन्दरठाउँहरुमा पर्यटकीय क्षेत्र निर्माण गर्‍यौँ भने एकातिर पर्यटकभित्र्याएर विदेशी मुद्रा आर्जन गर्न सक्छौँ । राष्ट्रलाई धनीबनाउन सक्छौँ भने अर्कोतिर राम्रो पर्यटकीय प्राविधिकनिर्माण गर्न सक्छौँ । हाम्रो देशमा प्राविधिक,डक्टर,पाइलट,सरकारी कर्मचारी,स्टाफ नर्स, इन्जिनियर र शिक्षकहरु कति चाहिन्छ त्यसको खाका राज्यले दिन्छ र शिक्षण संस्थाहरुले जनशक्ति उत्पादन गरेर राज्यलाई जिम्मा लगाउँछ । राज्यले उत्पादित जनशक्तिलाई आवश्यक ठाउँमा व्यवस्थापन गर्छ । यति भयो भने एकपटक सोचौँ त हाम्रो देशको विकासको गति कति छलाङमय हुन्छ होला ! यस अर्थमा वैज्ञानिक समाजवादी शिक्षामा जनताकोश्रमसँग गाँसिएको, हाम्रो मौलिकता र भौगोलिकताअनुसारको शिक्षा हुन्छ। यसो भयो भनेमात्र सभ्य र वैज्ञानिक समाज निर्माण गर्न सकिन्छ ।

## २. यो वैज्ञानिक र वस्तुवादी हुन्छ

यो शिक्षा मार्क्सवादी विज्ञानद्वारा निर्देशित हुनेहुँदा वैज्ञानिक हुन्छ । जगत्‌लाई बुझ्ने दृष्टिकोणदुईप्रकारकाछन्ः आध्यात्मिक र भौतिकवादी । आध्यात्मिकले यो पृथ्वी ईश्वरले बनाएको भन्छ । समाजमा धनीगरिबशोषणदमनहुने कुरा पापकोकारणले ईश्वरले बरदान दिएको भन्नेमा विश्वास गर्दछ । समाजको समस्याको हल मानिसले गर्नसक्दैन वा सङ्घर्ष गर्नु पाप हो भन्छ ।

तर वैज्ञानिक समाजवादी शिक्षा भौतिकवादी दृष्टिकोणद्वारा निर्देशित हुन्छ । यसले आध्यात्मिक तर्ककेवल कल्पना र भ्रम मात्र हो भन्छ । विश्वभरिका मानवजातिमा जतिपनि समस्याआउँछन यसको हल गर्न सकिन्छ भन्छ। शोषण, दमन,अन्याय,अत्याचारको अन्त्य वर्गसङ्घर्षद्वारा गर्नसकिन्छ भन्नेमा विश्वास गर्दछ । काल्पनिक ईश्वरीय चिन्तन मान्दैन, यसको खारेज गर्दछ । सत्यको मात्र विश्वास गर्दछ । सबैमानिसलाई समान अधिकार प्रदान गर्न सकिने कुरामा विश्वास गर्दछ । यो पुँजीवादको दमन अन्याय र अत्याचारबाट समाजलाई मुक्त गर्नसकिन्छ । यसकालागि दलालहरुको अन्त्य गरेर वैज्ञानिक समाज निर्माण गर्नुपर्दछ, भन्ने कुरामा विश्वास गर्दछ । त्यसैले यो शिक्षा वैज्ञानिक र वस्तुवादी हुन्छ । सभ्य र वैज्ञानिक समाज निर्माण वैज्ञानिक दृष्टिकोणद्वारा स्थापित गर्नसकिन्छ । अध्यात्मिक दृष्टिकोणले मानिसलाई निरास बनाउँछ । महान् विचारक मार्क्सले आध्यात्मिक दृष्टिकोण अफिम हो भन्नुभएको छ । यो भयानक र घातक छ । यो दृष्टिकोणले समाजलाई विघटन गर्दछ ।

समाजवादी शिक्षाले गलतकुराको विरोधगर्न निर्देशित गर्छ । सत्यको पहिचान गर्न मद्दत गर्दछ । गलतप्रवृत्तिका विरुद्ध डटेर लड्न आदेश गर्दछ तर अवैज्ञानिक दृष्टिकोणले गुलामहरु पैदा गर्दछ । उदाहरणकारूपमा हाम्रैदेशका सत्ताधारीलाई लिन सक्छौँ । भारतले सीमामिचेको छ । दलालनेताभन्छ- सीमा मिचेको छैन । जस्तो शिक्षा उस्तै नेता, पुलिस, सेना । सबै गुलाम र निरीह हुन्छन् । वैज्ञानिक दृष्टिकोले कस्तो नागरिक निर्माण गर्छ भन्ने जनगणतन्त्र कोरियाको समाजलाईउदाहरणका रुपमा लिन सक्छौँ। त्यहाँका नेता,जनता र सेना प्रतिरोधी, आशालाग्दा र भरोसायोग्य देखिन्छन् । जनता पूरै सङ्गठित छन् । त्यस देशका जनताले अमेरिकालाई पूरै चुनौती दिइरहेका छन् । जनवादी शिक्षाले उत्तरकोरियाका जस्तै नेता जनता र सेना जो स्वाधीन, समृद्ध समाजमा रूपान्तरण गरिदिन्छ । नयाँनयाँ ज्ञानको अनुसन्धान गर्नमद्दत गर्दछ । जो विश्वमा आउने समस्याको समाधान गर्न मद्दत गर्दछ ।त्यसैले यो शिक्षा वैज्ञानिक र वस्तुवादी हुन्छ ।

## ३. यो औपनिवेशिक शिक्षानीतिको विरुद्धमा हुन्छ

जनतालाई गुलामी चेतना पैदा गर्ने शिक्षा नीति औपनिवेशिक शिक्षा नीति हो । नेपालको अहिलेको शिक्षा नीति औपनिवेशिक छ । औपनिवेशिक शिक्षा नीति र प्रर्णालिमा प्रकृतिविरुद्ध कुनै सङ्घर्ष हुँदैन र बदल्ने चेतना पनि हुदैन । हाम्रो देशमा अत्यधिक प्रकृतिक स्रोतछन् । शिक्षानीति औपनिवेशिक हुँदा जनतालाई प्राकृतिक स्रोतका बारेमा वास्तविक ज्ञान नै दिइएको छैन । भनिन्छ उपनिवेशमा बस्ने जनताको कुनै इतिहास हुँदैन । मानवीय भाषा नै हुँदैन । कस्तो नागरिक निर्माण गर्छ भने जो जनावरसरह श्रम गरिरहोस्।

औपनिवेशिक शिक्षानीतिले गर्दा नेपालको शिक्षा कति दबिएको छ भनेविश्वबैङ्कले ६० मिलियनभन्दा बढी अमेरिकी डलर दिने लोभ देखाएर त्रिभुवन विश्वविद्यालयलाई क्याम्पस स्वायत्त गर्न र प्रमाणपत्र तह हटाउन आदेश दियो जसले गर्दा गरिब जनताको पहुँचमा सञ्चालित नेपालको एकमात्र सरकारी विश्वविद्यालयमाश्रमजीवी वर्गलाई शिक्षा लिने अधिकारवाटवञ्चित गराइयो ।४९ प्रतिशत जनता निरक्षर,४०प्रतिशतजनता गरिबीको रेखामुनि,४७प्रतिशतजनता बेरोजगार भएको हाम्रो समाजमा शिक्षाको सम्पूर्ण भार जनतालाई बोक भन्नुको साँचो अर्थ तिमीनेपालीहरुलाई पढ्ने अधिकार छैन भन्नुजस्तै भएनर ?

हामीले ल्याउने वैज्ञानिक समाजवादी शिक्षाले औपनिवेशिक शिक्षा प्रणालीविरुद्ध लड्ने राजनीतिक र प्राज्ञिक नेता निर्माण गर्दछ ।किसान, मजदुर, युवा, विद्यार्थीलाई पहिला शिक्षित गर्दछ ।सबैमा राष्ट्रप्रेमको चेतनाउठाइन्छ। हामीप्राकृतिक स्रोतसाधनको उत्खनन, प्रशोधन र प्रयोगमा आधारित शिक्षानीति तय गर्छौं । स्कुले विद्यार्थीलाई सानैदेखि राष्ट्र,राष्ट्रियता र राष्ट्रप्रेमके हो ?साम्राज्यवादका विरुद्ध कसरी लड्ने ? आफ्नो समाजलाई कसरी सङ्गठित गर्ने भन्नेबारेमा सिकाउँछौँ । त्यसबाट स्वतन्त्रताको संस्कृतिस्थापित गरिन्छ । त्यसपछिमात्र हाम्रो शिक्षा समृद्ध र राष्ट्र स्वाधीनबन्नेछ ।औपनिवेशिक शैक्षिक कार्यक्रमहरु हामी पूरै खारेज गर्छौं ।

## ४. मातृभाषामै पठनपाठनको व्यवस्था

शिक्षाको महत्वपूर्ण पाटो एक भाषा हो । भाषिक समस्याभयो भनेपनि शिक्षा ग्रहण गर्न गाह्रो हुन्छ । हाम्रो देश बहुभाषीदेश हो ।नेपालमा अहिले पनि १२५ वटा भाषा प्रयोगमा छन् । सबैभन्दा बढी खस (५०.३१%)र सवैभन्दा कम सन्थाल र थकाली (०.०४%)भाषी नेपाली छन् । यसैले नेपालले विश्वभरि नयाँ पहिचान स्थापित गरेको छ । तर दलाल संसदिय व्यवस्थासँग बहुभाषाको संरक्षण, प्रयोग र विकास गर्ने योजना नहुँदा वा मातृभाषामा शिक्षा प्रदान गर्न नसक्दा खसभाषीबाहेक अन्यभाषी विद्यार्थी स्वतःप्रतिस्पर्धामा पछाडि परेकाछन् ।एकातिर शिक्षा मातृभाषी बन्न सकेको छैन भने अर्कोतिर अंग्रेजी भाषामार्फत हाम्रो मौलिकतामा निरन्तर धावा बोलिरहेको छ । निजीदेखि सरकारी कलेजसम्म अंग्रेजी भाषाको नक्कल गरेर हाम्रो मातृभाषमा निरन्तर हमला गरिरहेका छन् । वैज्ञानिक समाजवादी शिक्षामा आफ्नै देशको बहुभाषाको संरक्षण गरिन्छ । मातृभाषामै अध्ययन गर्ने वातावरणको ग्यारेन्टी गरिन्छ ।हाम्रो शिक्षा नीतिमा हाम्रै भाषामाप्राविधिकि शिक्षाका पाठ्यक्रमहरु निर्माण गरिन्छ । बहुभाषाको संरक्षण हुने गरी अझमातृभाषामै पढ्ने वातावरणको ग्यारेन्टी गरिन्छ ।त्यसपछि अहिले पैदाभएका विश्व चुनौतीहरुसँग प्रतिस्पर्धा गर्न सक्ने दक्ष जनशक्तिनिर्माण गर्न सक्छौँ ।

## ५. शिक्षाको सम्पूर्ण भार राज्यले लिन्छ

शिक्षा पुर्खाको साझाअनुभववा सम्पति भएकाले यसमा मानवसमाजको समान अधिकार हुन्छ । शिक्षा लिन पाउनु हरेक नागरिकहरुको नैसर्गिक अधिकार हो भनेदेशका नागरिकलाई शिक्षा दिनु राज्यको प्रमुख जिम्मेवारी हो । यो कुरालाई शिरोधार्य गर्दै वैज्ञानिक समाजवादी शिक्षामा शिक्षाको सम्पूर्ण भार राज्यले लिन्छ ।वर्तमान नेपालको शिक्षामा सरकारले छुट्ट्याएको बजेट एकदमै कम छ । त्यसमा पनि लगानीको झन्डै ८९%हिस्सा प्रशासनिक खर्च र शिक्षकको तलबमा जान्छ । बाँकी रहेको ११प्रतिशत बजेटले कति भौतिक संरचना निर्माण र शैक्षिक गुणस्तरमा योगदान पुर्‍याउला, सजिलै आँकलन गर्न सकिन्छ । यही कमजोरीमा टेकेर हाम्रा प्राज्ञिक नेतृत्वहरुशक्तिकेन्द्रकोदलाली गर्न बाध्य छन् । यही कमजोरीका कारणसाम्राज्यवादी वित्तीय संस्था र .मूलतः भारतियसाम्राज्यवादको एजेन्ट भारतीय राजदूतहाम्रो देशको तराईदेखिहिमालसम्म शैक्षिक भवन शिलान्यास र उद्घानगर्दै हिँड्छ । राजनीतिक पार्टीको नेताजस्तो भाषण गर्दै हिँड्छ ।

समाजवादी शिक्षामा शिक्षाको सम्पूर्णभार राज्यले लिन्छ। ठुलठूला प्राविधिक विश्वविद्यालयहरु खोल्नेछ । भौतिक पूर्वाधारको तमाम व्यवस्था गर्नेछ । नयाँ अनुसन्धान केन्द्रहरु खोल्नेछ । नयाँ ज्ञान आविष्कारगर्नेछ । त्यसको रक्षा, प्रयोग र विकासको जिम्मा सबै राज्यले लिनेछ ।

## ६. शिक्षा समान र जनमुखी हुन्छ

नेपालको अहिलेको शिक्षा हेर्ने हो भने विशालबजारको मालजस्तो छ । धेरै पैसाहुनेले महँगो शिक्षा,पैसा कम हुनेले कमसल शिक्षा र पैसानहुनेले स्कुल र कलेजहरुको ढोका नै हेर्ननपाउने चरम निजीकरण रव्यापारीकरण छ । असमानताको कुरा गर्ने हो भने प्रत्येक कलेजपिच्छे पाठ्यक्रम र विषयवस्तुनै फरकफरक छन् ।नेपालमा एउटा यस्तो शैक्षिक संरचना छ जसलाई ए लेबल र ओ लेबलनामकरण गरिएको छ । सेनाको ब्यारेकजस्तैठूलठूला फलामे ढोकाहरु छन् । चारैतिर काँडेतारले घेरिएको छ । त्यहाँ असीमित आर्थिक लगानी छ । भौतिक पूर्वाधारको तमाम व्यवस्था गरिएको छ । दक्ष जनशक्तिसहितका शिक्षकहरुको व्यवस्था छ ।फरक पाठ्यक्रमको व्यवस्था, शैक्षिक क्यालेन्डरअनुसार समयमा परीक्षा र समयमैनतिजा प्रकाशन हुन्छ । त्यस्ता शैक्षिक संस्थाहरुमा पुँजीपति र अभिजात वर्गका बालबालिका अध्ययन गर्छन् ।अर्कोतिर यहीँ यस्तो शैक्षिक संरचना छ जसलाई राज्यले सञ्चालन गरेको सरकारी भनिन्छ । त्यहाँ आर्थिक लगानी छैन । यो आईटीको जमनामा पनि चकर डस्टरको प्रयोग, कुनैमा त्यहीपनि प्राप्त छैन । भौतिक पूर्वाधारको खासै व्यवस्था छैन । समयमा परीक्षा हुँदैन । दक्ष जनशक्तिछैन । यो देशमापुँजीपतिले राज्यलाई तिर्ने कर, श्रमजीवीले, गरिब र मध्यम वर्गले तिर्ने कर समान छ ।पाउने अधिकार समान छ । तर शिक्षा असमान छ। अझ राज्यको रोजगारीमा जाने एकमात्र निकाय लोकसेवा आयोगमा प्रतिस्पर्धा समान छ ।शिक्षा असमान, प्रतिस्पर्धा समानभनेको बाघ र बाख्रोकसले जित्छ भनेजस्तो भएन र?

वैज्ञानिक समाजवादी शिक्षामा शिक्षा समान हुन्छ । सबैशिक्षालयमा समान आर्थिक लगानी हुन्छ । पाठ्यक्रम, भौतिक संरचना सबै समान हुन्छ । वैज्ञानिक पाठ्यक्रम र वस्तुवादी शैक्षिक क्यालेन्डर हुन्छ । दक्ष जनशक्ति भएका शिक्षकहरुको व्यवस्था हुन्छ । त्यसपछि प्रतिस्पर्धा पनि समान हुन्छ । त्यहाँ शिक्षामा निजीकरण र व्यापारीकरण हुँदैन । शिक्षा राज्यको दायित्वभित्र आइसकेपछि यो समाजवादी दृष्टिकोणबाट निर्देशित हुन्छ । वास्तविक समानता कायम हुन्छ । यस्तो शिक्षालेमात्र साम्यवादी समाज स्थापना गर्ने चेतनाको विकास गराउँछ । क्षमताअनुसारको काम र आवश्यकताअनुसारको दाम पाउँछन् । समाजवादी शिक्षाले मात्र वास्तविक जनताको सहज पहुँच कायम गर्दछ । यो जनमुखी हुन्छ ।

हामीलाई चाहिएको शिक्षा वैज्ञानिक समाजवादी शिक्षा हो । जो देशको मौलिकता र भौगोलिकताअनुरूप व्यवहारिक हुन्छ । शिक्षाको केन्द्र आम जनतालाई बनाउँछ र काम गर्दा अध्ययन गर अध्यायन गर्दा काम गर भन्ने मान्यता राख्दछ । जुन ज्ञान चेतना र संस्कारलाई मार्क्सवादी वैज्ञानिक दृष्टिकोणले निर्देशित गर्दछ । वैज्ञानिक समाजवादी शिक्षा वैज्ञानिक समाजवादी व्यवस्थालेमात्र लागूगर्नसक्छ । वैज्ञानिक समाजवाद एकीकृत जनक्रान्तिले स्थापित गर्दछ ।एकपटक एकीकृतजनक्रान्तिमा सबै युवा, विद्यार्थी गोलबन्दहुनुपर्छ । तब मात्र नेपालमा वैज्ञानिक समानवादी शिक्षा लागू गर्न सक्छौँर देशलाई स्वाधीन र समृद्ध बनाउन सक्छौँ ।

---

## दलाल संसदीय ...

र जनजीविका दलाल पुँजीवादी संसदीय व्यवस्थाका कारण भएको भन्दै त्यसको उन्मूलन केवल एकीकृत जनक्रान्तिले मात्र गर्न सक्ने बताउनुभएको छ । उहाँले अगाडि भन्नुभएको छ, ‘सुगौली सन्धिदेखि अहिलेसम्म नेपाल र भारतबीच भएका असमान सन्धिसम्झौताद्वारा नेपाल अर्धसामन्ती र अर्धऔपनिवेशिक अवस्थाबाट नवऔपनिवेशिक अवस्थामा पुगेको छ । विश्व साम्राज्यवाद निगम पुँजीवाद (उत्तरसाम्राज्यवाद) मा पुगेको स्थितिमा यहाँ निगम पुँजीवादका दलालहरूले राज्यसत्ता हातमा लिएका छन् । त्यसकारण नेपाली श्रमजीवी तथा उत्पीडित जनता र दलाल पुँजीवादका बीचको अन्तरविरोध प्रमुख बन्न गएको छ ।’

उहाँले नेपाली राष्ट्रियताको मुख्य समस्या भारतीय साम्राज्यवाद रहेको बताउनुभयो । सुदर्शनले भन्नुभयो, ‘प्राकृतिक साधनस्रोतहरूमाथि भारतीय एकाधिकारवादी पुँजी कम्पनीहरूको गिद्देदृष्टिले नेपाली राष्ट्रियतामाथि खतराको घन्टी बजिरहेको छ । उपल्लो कर्णाली, अरुण तेस्रो, कोसी उच्चबाँध यसका ताजा उदाहरण हुन्’, उहाँले अघि भन्नुभयो, ‘नवऔपनिवेशिक अवस्थाले दलाल पुँजीवाद जन्माएको छ । त्यसले गर्दा कुनै पनि असमान सन्धिसम्झौताहरू खारेज हुने छैनन् । यसको अलावा तीमाथि अरू थपिनेछन् । दलाल पुँजीवादका विरुद्ध नेपाली देशभक्त, किसान, मजदुर, सिपाही र राष्ट्रिय पुँजीपति वर्ग एक भएर लड्नुको विकल्प छैन । त्यसैले यी सम्पूर्ण समस्याको अन्तिम समाधान भनेको एकीकृत जनक्रान्ति नै हो । दलाल पुँजीवादी संसदीय व्यवस्था उन्मूलन गर्न वर्गसङ्घर्ष र राष्ट्रियताको आन्दोलन जरुरी छ । यो अत्याचारी व्यवस्थाको विकल्प भनेको अन्ततः वैज्ञानिक समाजवाद नै हो । राष्ट्रियताको आन्दोलन र वर्गसङ्घर्ष एकीकृत भएपछि एकीकृत जनक्रान्ति नै हुन्छ ।’

नेपाल कम्युनिस्ट पार्टी पर्साको आयोजनामा भएको उक्त अन्तरक्रिया कार्यक्रममा नारायणी ब्युरो इन्चार्ज चिरन पुन, प्राध्यापक डा. हरिराम ठाकुर, प्राध्यापक भाग्यनाथ गुप्ता, ग्रेटर नेपालका संयोजक एवम् प्राध्यापक फणिन्द्र नेपाल, डा. भगवानचन्द्र ज्ञवाली, राजमोका हिमलाल पुरीले टिप्पणी गर्नुभएको थियो । पर्सा जिल्लाका इन्चार्ज लक्ष्मण उप्रेतीको अध्यक्षतामा भएको उक्त कार्यक्रममा भारतले जग्गा अतिक्रमण गरेका छपकैया र इनरुवाका जनताको उल्लेख्य उपस्थिति रहेको थियो ।

# जेरुसेलममा फस्दै अमेरिका



करनसिंह बडाल

**विषय प्रवेश**

सन् २०१७ राजनीतिक घटनाको दृष्टिले विशेष वर्षका रूपमा रह्यो। संसारभरि सैन्य, आर्थिक तथा कूटनीतिक हिसाबले हस्तक्षेपकारी भूमिका निर्वाह गर्ने अमेरिकामा सन् २०१७ को सुरुआतमै जग्गा व्यापारी (रियल स्टेट), अन्ध राष्ट्रवादी तथा नश्लवादीको अरोप खेपिरहेका डोनाल्ड ट्रम्पले राष्ट्रपतीय निर्वाचनमा विजय प्राप्त गरे । त्योसँगै उनले दक्षिण क्षेत्रमा पर्खाल लगाउने, जनगणतन्त्र कोरिया (उत्तरकोरिया) को बढ्दो आणविक परीक्षण रोक्ने, इरानसँग आणविक विषयमा वार्ता गर्ने तथा मुस्लिम बहुल देशका नागरिकलाई अमेरिकामा प्रतिबन्ध लगाउने घोषणा गरे जसले विश्व राजनीतिमा हलचल मच्चाउने काम गर्‍यो । यस्तै उनले निर्वाचनपूर्व अर्को दीर्घकालीन रूपमा मध्यपूर्व क्षेत्रमा पार्न सक्ने जेरुसेलम सहरलाई आफ्नो उपनिवेश देश इजरायलको राजधानीका रूपमा मान्यता दिने घोषणा गरे । जसरी ट्रम्पभन्दा पहिलेका अमेरिकी राष्ट्रपति बिल क्लिन्टन, जर्ज डब्लू बुसदेखि ओवामासम्मले चुनावी मुद्दा बनाएका थिए। यद्यपि उनीहरूले विवादित जेरुसेलम सहरलाई इजरायलको राजधानी घोषणा गर्ने आँटसम्म गरेनन्। तर सन्काहा तथा अदूरदर्शी मानिने अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले भने सन् २०१७ डिसेम्बर ५ मा घोषणा गरे- अमेरिकाले ७० वर्षदेखिको आफ्नो राष्ट्रिय मुद्दा बनाएको ऐतिहासिक सहर जेरुसेलमलाई इजरायलको राजधानीको मान्यता दिएको र छिट्टै अमेरिकी राजदूतावास त्यहाँ सारिने बताए अनि सुरु भयो ट्रम्पको पुतलादहन तथा आन्दोलन । फलस्वरूप त्यो मुद्दा संयुक्त राष्ट्रसङ्घको महासभामा पुग्यो अनि नराम्ररी पराजित भयो अमेरिका । ट्रम्प तथा अमेरिकाविरोधी आन्दोलन हिंसात्मक बन्न पुग्यो र कतिपय मानिसको ज्यान पनि गयो । त्यसले एउटा सन्देश अमेरिकी साम्राज्यवादलाई पठायो । त्यो थियो प्यालेस्टिनीहरू रगत बगाउन तयार छन् तर जेरुसेलमलाई गुमाउन कदापि स्वीकार्य छैन ।

वास्तवमा अमेरिकी चासोको विषय के हो ? किन जेरुसेलमलाई इजरायल बनाउन चाहन्छ अमेरिका ? योभन्दा पूर्व के हो त जेरुसेलम ? यसको इतिहास, निर्माण, यो सहरको आरोहअवरोहको नालीबेली के हो ? योसम्बन्धी सही तथा ऐतिहासिकता बुझ्न जरुरी छ।

**के हो जेरुसेलम ?**

संसारको सबैभन्दा पुरानो सहरमध्येको एक ऐतिहासिक सहर हो जेरुसेलम । यो सहरको नाम उरुसलिमा जो मेसोपोटामियन स्फाणाकार टेबलको नामबाट रहेको हो जसको अस्तित्व क्यानेट पिरियड लगभग २४०० वर्ष बीसीई अर्थात् (इसापूर्वभन्दा पहिले) जुन ९०० बीईसी (फनाम दोस्रो) ८ औं शताब्दीमा धार्मिक सहरका रूपमा विकास र जुदाहको प्रशासनिक केन्द्र बन्यो । लगभग दुईपटक ध्वस्त भइसकेको यो सहर २३ पटक सैन्य कब्जा, ५२ पटक आक्रमण भेलेको छ भने ४४ पटक कब्जामा परिसकेको छ । यो सहर चार भागमा विभाजित छ आज : १- आर्मेनियन, २- क्रिस्टियन, ३- यहुदी, ४- मुस्लिम । यो सहरलाई १९८१ मा विश्व सम्पदाको सूचीमा समावेश गरिएको छ । जेरुसेलमलाई सुन्नी स्लामहरूले मक्का र मदिनापछि तेस्रो पवित्र सहरका रूपमा लिने गर्दछन्। यही कारण यो ऐतिहासिक सहर (धार्मिक आस्था राख्नेहरूका कारण) मा अमेरिकाले आँखा गाडेको हो।

त्यसकारण जेरुसेलम विनाद प्यालेस्टाइन-इजरायल केन्द्रबिन्दुका रूपमा रहँदै आएको छ। सन् १९४८ तिर अरब-इजरायल युद्धका बेला पश्चिम जेरुसेलम इजरायलले कब्जा गर्‍यो र पूर्वी जेरुसेलम जोर्डनले कब्जा गरेर आफ्नो भूभागमा समाहित गर्‍यो । सन् १९६७ मा इजरायल-जेरुसेलम ६ दिने युद्ध भयो । त्यसपछि युद्धमा जोर्डनको हार भयो र जेरुसेलम इजरायलले कब्जामा लियो। सन् १९८० मा इजरायलले जेरुसेलम ल पारित गर्‍यो। त्यसपछि आफ्ना कार्यालय जेरुसेलम केन्द्रित गर्ने इजरायली निर्णयलाई अन्तर्राष्ट्रिय समुदायले अस्वीकार गर्‍यो। त्यो भूभाग प्यालेस्टाइनले आफ्नो भूमि भएको दाबी गरिरहेको छ। हाल इजरायलले जेरुसेलममा महत्वपूर्ण सरकारी र गैरसरकारी संस्थाका कार्यालयहरू राखेको छ जसमा हिब्रु विश्वविद्यालय र इजरायली सङ्ग्रहालय रहेका छन्। सन् १९८० देखि यो सहरमा कुनै विदेशी दूतावासहरू छैनन् तर सन् २०१७ को २१ डिसेम्बरमा अमेरिकाले संयुक्त राष्ट्रसङ्घमा भएको निर्वाचनमा १२८ देश अमेरिकी राजदूतावास राख्ने निर्णयका विरुद्ध, ३५ जना अनुपस्थित र ६ देश मात्र अमेरिकाका पक्षमा रहे। सन् २०१५ को रेकर्डअनुसार ८,५०,००० जनसङ्ख्यामध्ये २ लाख इजरायली धर्मनिरपेक्ष जेदाही, ३,५०,००० हरेदी गेहादी, ३,००,००० प्यालेस्टिनी रहेका थिए।

यसको पृष्ठभूमिलाई हेर्ने हो भने जेरुसेलम जेहादी राष्ट्रवाद र प्यालेस्टिनी राष्ट्रवादको उत्पत्ति थलो भएको (५,००० वर्ष पुरानो इतिहास) जानकारहरू बताउँछन् । जेहादी सार्वभौमिकताको यो सहर विकासमा महत्वपूर्ण भूमिका रहेको इजरायली जेहादीहरूको पालामा इजरायलेट जोध (मजयमज) अधिराज्यको राजधानी रहेको दाबी गर्दै आएका छन्। यसको ठीक विपरीत प्यालेस्टिनीहरूले जेरुसेलमलाई धार्मिक सहरका रूपमा विकस गरेको र प्यालेस्टिनीहरूको भूमि रहेको दाबी गर्दै आएका छन् । सन् १९४९ डिसेम्बर ५ मा इजरायलका प्रधानमन्त्री डेबिड बेन गुरियनले आफ्नो देशको राजधानी बनाउने प्रयत्न गरेका थिए । सन् १९८० को जेरुसेलम लले एकीकृत बनाउने घोषणा गरे । त्यसलाई सन् १९९५ मा अमेरिकाको काङ्ग्रेसले जेरुसेलम एक्ट पारित गर्‍यो र त्यसलाई पारित गर्न २०१७ मा ट्रम्पले प्रस्ताव गरे पनि चीन, रुसजस्ता देशहरूसहित १२८ देशेले अस्वीकार गरेपछि अमेरिकालाई ठूलो झट्का लाग्यो।

**किन अमेरिकाले प्यालेस्टिनी भूमिलाई इजरायलको राजधानी बनाउन खोज्दैछ ?**

लामो समयसम्म इजरायल र प्यालेस्टिनका बीचमा युद्ध भइरहोस् र आफ्ना हतियारको बजारका रूपमा इजरायल र प्यालेस्टाइन बनाउँदै छिमेकी देशहरूमा आफ्नो दबदबा बढाएर सिङ्गो अरब विश्व अर्थात् मध्यपूर्वमा रहेका प्राकृतिक स्रोतसाधन, विशेषगरी पेट्रोलियम पदार्थमा आफ्नो नियन्त्रण राख्न चाहन्छ । दोस्रो, ट्रम्प आफैं क्रिस्चियन हुन् । उनी क्रिस्चियन हुन् भने बाइबलको सुरुमा लेखिएको- तिम्रा प्रतिस्पर्धीहरू जहाँ जन्मिन्छन् तिनीहरूलाई भौतिक रूपले सखाप पार्नु भन्ने कुरा उनले बुझेका छन् । अर्को, इजरायल, प्यालेस्टिन हुँदै ऊ सधैं आफ्ना लागि खतरा मान्दै आएको देश इरानमाथि धार्मिक रूपले हस्तक्षेप गर्न चाहन्छ। स्लाम धर्मका समुदाय सिया र सुन्नी हुन् । जेरुसेलम सिया धर्मावलम्बीहरूको मक्का र मदिनापछिको अर्को पवित्र स्थल मान्ने गर्दछन् । यसको अर्थ यो सहर सियाबहुल नै हो । यो सहर इजरायलले कब्जा गरेमा सिया समुदायको सबभन्दा ठूलो देश इरान हो, फलस्वरूप धार्मिक हिसाबले इरानमाथि हमला भएको ठहरिनेछ । अमेरिकाले इजरायललाई प्रयोग गरेर सिया र सुन्नी सम्प्रदायमा तिक्ततापूर्ण सम्बन्ध रहोस् जसले गर्दा इरान-इजरायल सम्बन्ध वाक्युद्धबाट युद्धको स्तरमा पुगोस् भन्ने अमेरिकाले चाहेको छ। त्यसले गर्दा अरब जगत्मा एकाधिकार जनाइरहेको साउदी अरब र इरानबीचमा पनि खटपट आउनेछ। वस्तुतः अरब जगत् धार्मिक युद्धमा जाओस् भन्ने अमेरिकी साम्राज्यवादको योजना हो । जसरी जर्ज डब्लू बुसले घुमाउरो तरिकाले आफ्ना सैनिकहरूलाई इराक पठाएर चिहान पारे त्यसैगरी इरानलाई पनि युद्धमा तान्ने प्रयत्नमा अमेरिका रहेको छ । अमेरिकाले जेरुसेलममा अस्थिरता बढाएर सिया समुदाय र सुन्नी स्लामीबीचमा साम्प्रदायिकता फैलाउन खोजेको छ। अर्को अरब जगत्मा लगभग अमेरिकाले आफ्नो प्रभुत्व जमाइसकेको छ। इरान, पाकिस्तान र अरू केही देशबाहेक अब उसको मिसनमा बाँकी बचेका देशलाई युद्धमा धकेल्ने वा आन्तरिक द्वन्द्वमा फसाउने र त्यहाँ आफ्नो बहुराष्ट्रिय निगम पठाएर तेललगायत अन्य प्राकृतिक स्रोत र साधन दोहन गर्ने रणनीति अपनाइरहेको छ । मध्यपूर्वमा यमन, सिरिया, इराक, प्यालिस्टाइन र यता अफगानिस्तानमा प्रत्यक्ष रूपमा अमेरिकाले सैन्य हमला गरिरहेको छ। गत वर्ष आफ्नै सहयोगी देश टर्कीमाथि सैन्य कु गराउन धार्मिक नेता मुल्लाह फतेनलाई अमेरिकामा शरण दिएपछि टर्की-अमेरिका सम्बन्ध युद्धस्तरमा पुगेको छ। पश्चिमा बुद्धिजीवीहरूको भनाइमा विश्वास गर्ने हो भने अबको युग एसियन युग हो । बेलायती लेखक तथा पत्रकार गाइडियन राचम्यानले स्टर्नाइजेसन वार एन्ड पिस इन द सेन्चुरीमा अमेरिका र युरोपको नेतृत्व एसिया सरेको दाबी गरेका थिए । त्यस्तै, राचम्यान स्टर्नाइजेसन अर्थात् पूर्वीकरण, फ्रान्सिस फुकुयामाले सिन्डिकेट प्रोजेक्टजस्ता पुस्तकमा अबको युग एसिया सरेको दाबी गर्न थालेका छन्। यसर्थ अमेरिकाको राज्यको चरित्र साम्राज्यवादी भएको हुनाले टर्कीबाट रुसतर्फ, प्यालेस्टिनबाट अरब जगत्तर्फ, विशेषगरी इराक हुँदै पूर्व इरान र भारत तथा सुदूरपूर्वी दक्षिणकोरिया र जापानमार्फत चीन तथा रुस र जनगणतन्त्र कोरिया (उत्तरकोरिया) मा प्रवेश गर्न खोजिरहेको छ।




**निष्कर्ष**

हिजो जसरी जर्ज डब्लू बुसले इराकमा आफ्नो सेना पठाउन सुरुमा रासायनिक हतियार प्रयोग गरिएको भनी त्यसको जाँच गर्न वैज्ञानिक र पछि आफैंले केही रासायनिक हतियार सैन्य टोली पठायो। अन्ततः सिया र सुन्नीबीचको अन्तरविरोधमा खेलेर मुस्लिम संस्कृतिमाथि सैन्य हस्तक्षेप गरी तहसनहस पार्नुका साथै इराकको प्राकृतिक सम्पदा कब्जामा लियो । त्यसैगरी इजरायलको राजधानी जेरुसेलम शोषण गरी यी दुई देशलाई युद्धमा धकेलेर त्यो धार्मिक तथा साम्प्रदायिक युद्ध क्रमशः अरब जगत् हुँदै अन्य एसियाली देशमा पुर्‍याउने अमेरिकी साम्राज्यवादको नीति देखिन्छ। तत्कालीन अवस्थामा अमेरिकी साम्राज्यवादले यमन, सिरिया, अफगानिस्तान, इराक, प्यालेस्टाइन, कतार र इजरायलमा हस्तक्षेप गरिरहेको भए पनि उसको दीर्घकालीन लक्ष्य सुन्नी बहुल देश इरान, पाकिस्तान हुँदै पूर्वी एसिया नै हुनेछ। यो अमेरिकी साम्राज्यवाद (अब उत्तरसाम्राज्यवाद) ले जसरी इजरायली-अमेरिकी हाइब्रिड सेनाले प्यालेस्टिनमाथि ज्यादती गरेको छ त्यसको सम्पूर्ण कम्युनिस्ट, प्रगतिशील तथा सच्चा क्रान्तिकारीहरूले कमजोर देशमाथिको साम्राज्यवादी उतपीडनका विरुद्ध विवादित जेरुसेलमलाई इजरायलको राजधानी बनाउने निर्णयलाई कमजोर राष्ट्रमाथि साम्राज्यवादी हस्तक्षेपका रूपमा बुझ्न जरुरी छ।

## स्वराजले केपीलाई ...

क्रममा निकै सक्रिय भएर लागेको छ । एमाले र माओवादी केन्द्रका बीचमा एकता नहोस्, केपी ओलीको नेतृत्वमा बन्ने सरकार माओवादी केन्द्रलाई बाहिर राख्ने र उक्त स्थानमा मधेसी मोर्चालाई सहभागी गराउने, यसरी बनेको सरकारमार्फत भारतको हितमा सन्धिसम्झौता गराउने र मधेसी मोर्चाका मागहरूलाई समेट्ने गरी संविधान संशोधन गराउने नियत स्पष्ट भएको छ।

सामान्य औपचारिकता निर्वाहका लागि स्वराजले प्रचण्ड र देउवालाई भेटे पनि उनको मुख्य उद्देश्य केपी ओलीलाई गलाएर ओलीको राष्ट्रवादको मुकुण्डो च्यात्ने योजना रहेको स्पष्ट देखिन्छ। यसरी सरकार बन्दासम्म ओलीले पूर्ण रूपले आत्मसमर्पण गर्दै गएका छन् । यस भ्रमणले माओवादी केन्द्रका अध्यक्ष प्रचण्डलाई पनि थप आत्मसमर्पण गराएको छ । चुनाव जितेको वामगठबन्धनले भन्दै आएको स्थायित्व, समृद्धि र समाजवादको नारा उनीहरूले भारतको पोल्टामा पुर्‍याएर अर्को राष्ट्रघात गरिरहेका छन् । उनीहरूको सरकार पनि भारतबिना बन्नै नसक्ने, बने पनि टिक्नै नसक्ने भएको छ। यिनै परिघटनाहरूलाई लिएर नेपाल कम्युनिस्ट पार्टी भर्खरै सकिएको केन्द्रीय समितिको छैटौं पूर्ण बैठकद्वारा पारित दस्तावेजमा पूर्वघोषणा गरेको थियो । उसले भनेको छ, 'एमाले-माके गठबन्धनको सरकार बने पनि यो इतिहासकै कमजोर सरकार रहनेछ। राज्यसत्ताका आधारहरू (मुख्यतः आर्थिक एवम् सैनिक) पुरानै ठाउँमा छोडेर केवल उपरिसंरचना त्यो पनि केवल सरकार मात्र निर्माण गरेर देशलाई स्थिरता र समृद्धि दिने कुरा गर्नु हदैसम्मको मूर्खतापूर्ण सोच हुनेछ। यो आधार बिनाको कमजोर संरचना बन्ने छ वा पुरानै आधारमा जानेछ। त्यो पनि एक कठपुतलीका रूपमा बदलिँदा हदै कमजोर बन्न पुग्नेछ। सरकार कमजोर बन्न पुग्ने तर सत्तामा जसरी पनि बस्नुपर्छ र खानुपर्छ भन्ने सोचमा पुग्दा साम्राज्यवादी र शक्ति केन्द्रका स्वार्थअनुरूप विभिन्न राष्ट्रघाती र जनघाती सम्झौता-सहमति गर्नुपर्ने परिस्थिति देखा पर्छ वा जनतालाई जानाजान प्रतिक्रियावादी सत्तावरिपरि भ्रमित पार्ने चालबाजी हुनेछ। या त प्रतिक्रियावादी तत्वहरूको घेराबन्दीमा पर्ने अवस्था बन्नेछ। कथित वामको ट्रेडमार्कले अन्तर्राष्ट्रिय पुँजीपति वर्गलाई भस्काउनेछ र उनीहरू यसको भ्रमलाई साफ गर्ने स्तरमा आक्रामक दाउपेचमा लाग्नेछन् जसलाई योगठबन्धनले न रोक्न सक्नेछ, न त सत्ताबाट नै बाहिर आउन चाहनेछ । यस परिस्थितिमा पनि राष्ट्रघात र जनघात बढ्दै जानेछ।'

## भ्रष्टाचारीमाथि ...

सेवाग्राहीलाई अस्पतालमा स्वास्थ्य सेवा प्रदान नगरेर आफ्नो निजी क्लिनिकमा बोलाउने, अस्पतालका लागि आएका औषधिलगायत विभिन्न शीर्षकमा आएका आर्थिक तथा भौतिक सरकारी सहयोग, औषधि, निजी मेडिकल, डिस्पेन्सी र अन्य संस्थालाई दिने गरेको आरोप छ । नेकपा कालीकोटले पार्टीले सञ्चालन गरिराखेको भ्रष्टाचारविरोधी अभियानमा सामेल हुन सबै युवाहरूलाई आह्वानसमेत गरेको छ।

यसैगरी चितवनमा पनि भ्रष्ट प्रधानाध्यापकमाथि कारबाही गरिएको समाचार प्राप्त भएको छ । क्रान्तिकारी विद्यार्थीहरूको सङ्गठन अखिल (क्रान्तिकारी) चितवनले नारायणगढमा रहेको बालकुमारी उच्च माध्यमिक विद्यालयका प्रध्यानाध्यापकलाई कालोमोसो दलेको छ । भ्रष्टाचारविरोधी अभियानअन्तर्गत सोमबार दिउँसो उक्त विद्यालयका प्रध्यानाध्यापक नारायणबहादुर थापालाई क्रान्तिकारीले कालोमोसो दलेको हो । विभिन्न बहानामा विद्यार्थीसँग चर्को शुल्क लिएको, भौतिक निर्माणमा चरम लापरबाही र आर्थिक घोटाला गरेको, कर्मचारी-शिक्षक नियुक्त गर्दा आर्थिक चलखेल गर्नुका साथै राजनीतिक भेदभावलगायत गरेको आरोप लगाउँदै उनलाई कालोमोसो दलेको हाम्रा चितवन संवाददाता सुशान क्षेत्रीले बताएका छन्।

यसैगरी नेपाल कम्युनिस्ट पार्टी दाङले घोराही सिमेन्ट उद्योगमाथि कारबाही गरेको छ । नेकपा दाङका सेक्रेटरी विक्रमले मंगलबार अपरान्ह जारी गरेको विज्ञप्तिअनुसार उद्योग प्रभावित जनतासँग गरिएका पुराना सम्झौता कार्यान्वयन नगरि वातावरणीय स्वच्छता र मानवीय स्वास्थ्यलाई प्रतिकुल हुने गरि त्यसमा पनि जनतालाई झुक्याएर आफ्नो दोब्बर उत्पादन बढाउन जडान गर्न लागिएको प्लान्ट स्थापना बन्द लेखिएको कालो ब्यानर टाँगेर टाँसेको बताएका छन्।

## वैचारिक अभियान चलाउँदै नेकपा

अम्बिका चन्द/काठमाडौं

नेकपाले देशव्यापी रूपमा राजनीतिक वैचारिक प्रशिक्षण कार्यक्रम सम्पन्न गरेको छ। मध्यकेन्द्रीय कमान्डअन्तर्गत रहेको उपत्यका विशेष ब्युरोमा माघ ७ र ८ गते राजनीतिक प्रशिक्षण सम्पन्न भएको छ। कार्यक्रममा पार्टीका पोलिटब्युरो सदस्य शिलु, रणवीर, गम्भीर, केन्द्रीय सदस्य एवम् उपत्यका ब्युरो इन्चार्ज प्रज्वल, आजाद, नवीन र मकर उपस्थित थिए। यस्तै पूर्वी ताम्सालिङको प्रशिक्षण ९ र १० गते सम्पन्न भएको छ भने नारायणीको प्रशिक्षण ११ र १२ गते सम्पन्न भएको छ। यस्तै पश्चिम ताम्सालिङको प्रशिक्षण १३ र १४ गते सम्पन्न भएको छ।

यस्तै पश्चिम कमान्डअन्तर्गत राप्ती ब्युरोको प्रशिक्षण माघ १४ र १५ गते दाङको घोराहीमा सम्पन्न भएको छ। पार्टीका स्थायी समिति सदस्य तथा पश्चिम कमान्ड इन्चार्ज विषम, ब्युरो इन्चार्ज सुवास, पार्टीका केन्द्रीय सदस्य शीतल र अटलले सहभागीलाई प्रशिक्षण दिएका थिए। प्रशिक्षणमा दुई सयभन्दा बढी पार्टीका ब्युरो र जिल्लास्तरीय नेता-कार्यकर्ता सहभागी थिए। पश्चिम कमान्ड इन्चार्ज सन्तोष बुढामगर विषम, केन्द्रीय सदस्य शीतल, सुभास र अटलले नेकपाले सुरु गरेको तीनमहिने अभियानलगायत विषयमा प्रशिक्षण दिएका छन्। प्रशिक्षणमा माओवादी केन्द्रका विष्णु ओली र डिल्ली शर्मालाई पार्टी प्रवेश गराइएको जानकारी केन्द्रीय सदस्य शीतलले दिएका छन्।

यस्तै ६ र ७ गते गण्डक ब्युरोको आन्तरिक प्रशिक्षण कास्कीको पोखरामा सम्पन्न भएको छ। उक्त प्रशिक्षणमा कमान्ड इन्चार्ज विषमसँगै पोलिटब्युरो सदस्य ओमप्रकाश पुन केन्द्रीय सदस्यद्वय आस्था र मामाले पनि प्रशिक्षण दिएका थिए। यसैगरी ५० जना सहभागी धौलागिरि ब्युरोको प्रशिक्षण ८ र ९ गते सम्पन्न भएको छ। यस्तै १० र ११ गते लुम्बिनी ब्युरोको प्रशिक्षण रूपन्देहीको बुटवलमा सम्पन्न भएको छ। एक सय पचासजना सहभागी भएको प्रशिक्षणमा ब्युरो इन्चार्ज एवम् पोलिटब्युरो सदस्य वीरजङ्ग र केन्द्रीय सदस्य विजयले प्रशिक्षण दिएको जानकारी पश्चिम केन्द्रीय कमान्ड कार्यालय स्रोतले दिएको छ।

यस्तै पूर्वी कमान्डअन्तर्गतका सबै ब्युरोमा आन्तरिक बैठकहरू सम्पन्न भएका छन् । अब छिट्टै राजनीतिक प्रशिक्षण पनि चलाइने जानकारी कमान्ड इन्चार्ज विरहीले दिए।

उता सुदूरपश्चिम केन्द्रीय कमान्डअन्तर्गत ११ र १२ गते कर्णाली ब्युरोको प्रशिक्षण सम्पन्न भएको छ भने १५ गते भेरी ब्युरोको प्रशिक्षण सम्पन्न भएको छ । सबै प्रशिक्षणहरूमा पोलिटब्युरो सदस्यहरू र केन्द्रीय सदस्यहरू सहभागी भएको बताइएको छ।

● संस्मरण

# यसरी बनाएका थियौँ भारतीय जेल तोड्ने योजना



लोकेन्द्र बिष्टमगर

म भारतमा जेल पर्ने बेलामा केही उपचारका क्रममा थियौँ, केही मिटिङका क्रममा । त्यसैका लागि हामी त्यतातिर थियौँ । त्यही क्रममा हामी ११ जना साथी : म, कुलप्रसाद केसी, चित्रबहादुर श्रेष्ठ, अनिल शर्मा, तारा घर्ती, दिलीप महर्जन, हितबहादुर तामाङ गिरफ्तार भयौँ । गिरफ्तार बडो नाटकीय ढङ्गले भइयो । अचम्म लाग्छ, हामी फरकफरक ठाउँमा थियौँ । एकलाई अर्को बसेको ठाउँ पनि थाहा थिएन । हामी अलगअलग ठाउँमा थियौँ तर हामी २० मिनेटमा सबै झ्यापझुप गिरफ्तारीमा पर्‍यौँ । हामीलाई चुट्दै, पिट्दै, लतार्दै अपमानित ढङ्गले सडकमा घिसारिरह्यो । त्यतिबेला एकले अर्कालाई देखियो । त्यतिखेर म पार्टीको पोलिटब्युरो सदस्य थिएँ । म २०५९ को अन्तिमतिर, २०६० सालको सुरुतिर पश्चिमबाट पूर्वी कमान्डमा आएको थिएँ । उपत्यकाभित्र मेरो जिम्मेवारी मकवानपुर, सिन्धुपाल्चेक र काभ्रे उपक्षेत्रीय ब्युरो थियो । त्यसको नेतृत्व मैले गर्थें । त्यहाँको जनमुक्ति सेनाको कमिसारको जिम्मेवारी पनि मेरो थियो । यही काम गर्ने सिलसिलामा पार्टीले मलाई पोलिटब्युरोमा बढुवा गरेको थियो । उपचार र बैठक गरेर यता आउने क्रममा हामी पटनामा गिरफ्तारीमा पर्‍यौँ । गिरफ्तार भएपछि हामीलाई राज्यद्रोहको मुद्दा लगायो । त्यसलाई हामीले इन्कार गर्‍यौँ । राज्यद्रोह के हो भनेर हामी भन्यौँ । राज्यद्रोह नेपालको पनि र भारतको पनि द्रोह हो भन्यो । हामीले पनि के भन्यौँ भने हाम्रो देशमा हामी द्रोही होइनौँ, विद्रोही हौँ ।

अहिलेको राज्यसत्ता र राजतन्त्रका विरुद्ध लडेका छौँ । अझै लड्छौँ । तर हामी देश र जनताका द्रोही होइनौँ । यो कुरा हटाऊ तिमीहरूले । हामी भारत नजाने कुरै भएन । भारत त हाम्रो मित्र शक्ति हो । भारतको सरकार केकस्तो छ, हाम्रो आफ्नै विश्लेषण छ । अरूमाथि हस्तक्षेप गर्न पाइँदैन । असल छिमेकी हो भने अरूमाथि हस्तक्षेप र दमन गर्न पाइँदैन भन्दै हामीले इन्कार गर्‍यौँ । हामीलाई चरम यातना दिइयो । त्यसपछि हामीलाई पटनाको बेउर जेलमा पठाइयो । बेउर भन्ने ठाउँमा ५२ बिघामा जेल छ । त्यहाँ ३५ सय-चार हजार कैदी हुन्छन् सधैँ । त्यहाँ बस्दा भाकपाका नेता-कार्यकर्तासँग खान, बस्न, घुलमिल गर्न पाइयो । एकअर्कामा छलफल, राजनीतिक बहस र कार्यक्रम पनि गर्‍यौँ । आफूलाई शारीरिक, मानसिक रूपले स्वस्थ राख्न सधैँ खेलकुद खेल्ने, बिहान दगुर्ने, पढ्ने, सातामा एकपटक साहित्यिक वक्तृत्वकलाजस्ता कार्यक्रम राख्थ्यौँ । जेलमा कस्तो अनुभूति भयो भन्दाखेरि नेपालभन्दा भारत कैयौँ गुणा पछि छ । त्यहाँ त्यतिबेला बनेका जेल भनेका १८९० तिरको जेलले अझै पनि काम गर्छन् । त्यहाँ हामीलाई गाईभैँसीलाई दिने कुँडोजस्तै खान दिन्थ्यो । कुँडो पनि खाइयो । के गर्ने, बाँच्नैपर्‍यो । त्यहाँ मोबाइल लुकाएर राखेको हुँदो रहेछ । हामीले लुकेरै फोन गर्‍यौँ त्यहाँबाट । कतिपय साथीको फोन नम्बर कण्ठ थियो । साथीहरू पहिला त झस्के होलन् जेलमा बसेको मान्छेले कसरी फोन गर्‍यो भनेर । हामी यहाँ यस्तो अवस्थामा छौँ । बाँच्न गाह्रो भयो । साथीहरू बिरामी हुन्छन् । गाईभैँसीको कुँडो खाइरहका छौँ । पैसा पनि छैन । सबै लुटेर लग्यो भनियो । अब केही खर्च पठाइदिनुपर्‍यो भनेपछि पार्टीले पठाइदिन थाल्यो । खर्च पठाइदिएपछि आफैँले भातभान्छा गरेर खाइयो । अनि बल्ल मान्छेजस्ता भइयो । कस्तो लाग्छ भनेर भारतको त्यतिखेरको अवस्था हेर्दाखेरि मलाई ब्रिटिस साम्राज्यकै कब्जामा रहेको जस्तो लाग्यो । त्यहीँकै मान्छेले भने, भाकपा माओवादीका मान्छेहरू त एन्टी करेन्ट भए । त्यहाँ विधायक पनि थिए । अरू पनि थिए । तिनीहरूलाई पनि हामी कार्यक्रममा बोलाउँथ्यौँ । हामीले एउटा कार्यक्रम राख्यौँ । अब हामीले कसबाट सिक्ने ? भारतजस्ता देशले कसबाट सिक्ने ? अब चीनबाट सिक्ने कि अमेरिकाबाट सिक्ने वा जापानबाट सिक्ने भन्ने खालका कार्यक्रम राख्यौँ । त्यहाँकै मान्छेले भने- सिक्नुपर्ने चीनबाट हो । किनभने ब्रिटिस साम्राज्यवादबाट र १९४९ मा च्याङकाइसेकको शासनबाट चीन मुक्त भयो, हामीभन्दा दुई वर्षपछि मुक्त भएको हो चीन । चीनमा जनवादी क्रान्ति सम्पन्न भयो । अनि कैयौँ वर्षपहिले मुक्त भएको अमेरिकालाई पछि पार्दै चीन जसरी अघि बढेको छ, सिक्नुपर्ने तपाईं-हामीले पनि चीनबाटै हो । भारतको नीति, योजना, कार्यक्रम, शान्तिसुरक्षा, जेलका कुराहरू हेर्दा पञ्चायतकालको आभास हुन्छ ।

म पञ्चायत कालमा पनि बसेँ जेलमा २०४३ सालतिर, म दाङ जेल बसेँ ६ महिना । नेपालका पञ्चायत कालका जेलहरूभन्दा पनि त्यहाँका जेल धेरै पछि छन् । जनता असाध्यै धेरै पछिजस्तो । तथाकथित लोकतन्त्र, मोडेल लोकतन्त्र भन्छन् उनीहरू आफूलाई, लोकतन्त्रको मस्याहा ठान्छ आफूलाई तर त्यहाँ धेरै कुरा पछि छ । जनता गरिबीमा छन् । असली लोकतन्त्र छैन । उनीहरू गाँस, बास, कपासको ग्यारेन्टी छैन । शिक्षाको स्थिति पनि त्यस्तै छ । जेलसम्बन्धी अवधारणा धेरै गलत छ ।




*बाहिर निकाल्यो । हतकडी लगायो । आँखामा पट्टी बाँधिदियो । अनि सरसमान बोकाएर गाडीमा कोच्यो । रातमा गुटुटुटु गाडी हाँक्यो । कता हो कता लगेको छ । खासखुसखासखुस गर्दै कतिपय साथीहरूले अब त मार्ने रहेछ भन्दै थिए । कतिले नेपाललाई बुझाउँछ भन्दै थए । कसैले मनोवैज्ञानिक त्रास दिन खोजेको होला भने । सबैको कुरा सुनिसकेपछि मैले भनेँ- हामीलाई मार्दैन । अन्त कतै जेल लग्न सक्छ जस्तो लाग्यो । लाग्यो, बसमा मार्ने नै भएछ भने त्यही बेला तिनीहरूसँग लडौँला । हतकडी भए पनि नारा लगाउने, तिनीसँग एकपटक भए पनि हानाहान गर्ने भन्ने कुरा भयो ।*

त्यसपछि भाकपा माओवादीले जहानाबाद जेल हानी जेलब्रेक गरे । जहानाबाद जेल ब्रेक गरेर त्यहाँबाट आफ्ना करिब साढे तीन सय कैदी कार्यकर्ता र नेतालाई पनि लगे । लगेपछि ती हायतौँवा भए । आतङ्कित भए । भाकपा र नेकपा माओवादी मिलेर बेउर जेल हान्दिन्छन् भनेर कुन दुष्टले लगाइदिएछ । हामी पनि के कुरामा थियौँ भने अब जेल हान्नुपर्छ कि के हो । उस्तै परे भाग्नुपर्छ कि के हो । यी पर्खाल नाघेर भाग्नुपर्छ अब भनेर योजना बनाउँदै थियौँ हामी । ताराजी अर्को गार्डमा हुनुहुन्थ्यो । यता हामी दसजना थियौँ । त्यहाँ मैले कुरा चलाएँ- लौ साथी हो भाग्नुपर्छ । कुहेर कति दिन बस्ने यहाँ ? जेल तोडौँ अब । इतिहास पनि हुन्छ । यत्रा कैदीहरू छन् । यो त अनुकूल वातावरण हो नि ! एकचोटि ढोका खोल्नेबित्तिकै हुर्र सबै निस्कन्छन् । त्यही बेला डाङडुङ पारेर, गेट भत्काएर, पर्खाल नाघेर गइन्छ । पल्लापट्टि बसेका भाकपाका माओवादी नेतालाई गाडी ल्याएर राख भनौँ । गाडी ल्याएर तयार हुन्छन् । स्याटसुट 'मङ्की क्राउजिङ' मा जाबो यस्ता पर्खाल त नाघिहालिन्छ । पर्खाल त २०-२२ फिट अग्ला थिए । ती नाघ्ने तरिका थियो नि हामीसँग, तन्ना पल्लापट्टि फाल्ने, त्यसपछि मजाले गइन्छ । अब भाग्नुपर्छ । हात उठाऊँ कोको छौँ जाने, सहिद हुने ? ल अब यसै मरिने, त्यसै मरिने । कुहेर के मर्ने ? लडेर , छातीमा गोली खाएर मर्ने । भित्र डेर मर्न पाए ल बाँचे छि भित्र गएर मरिन्छ । मरेपछि सहिद भइन्छ । कुहेर बसिन्न । ल हिँड, ल हात उठाऊ भनेको, केही युवाले साहस गरे- तपाईं जे भन्नुहुन्छ त्यही । मर्न तयार को भनेपछि केही साथीले सकिन्न, हत्तेरी सकिन्न, असम्भव छ, यो दुस्साहस हुन्छ भन्नेतिर गए । त्यसपछि कसले त्यस्तो लगाइदियो, भाकपा र नेकपा मिले हान्छन्, बेउर जेल हान्दैछन् भन्ने सुनेपछि रातारात कुलप्रसादजी, म अनि पूर्वको राजेन्द्र कार्की, कुमार दाहालजीलगायत हामी पाँचजनालाई रातारात बक्सर जेल गङ्गा नदीकिनारमा लगेर राख्यो । खाना खाएर सुत्ने तरखरमा थियौँ । 'पाँच मिनेटके अन्दर तयार होजाउ' भन्यो । ए दुष्ट, यसले के गर्न थाल्यो भन्ने भयो । एकछिन त लाग्यो- नेपाल लगेर बुझाउने भयो । अर्को के पर्‍यो भने अब कहाँ लाने हो ! हामीसँग के थियो र सानासाना, जोगीका जस्ता कुटुरा त हुन् । हामीसँग धेरै सरसामान थिएन । अनि तयार भइयो । बाहिर निकाल्यो । हतकडी लगायो । आँखामा पट्टी बाँधिदियो । अनि सरसमान बोकाएर गाडीमा कोच्यो । रातमा गुटुटुटु गाडी हाँक्यो । कता हो कता लगेको छ । खासखुसखासखुस गर्दै कतिपय साथीहरूले अब त मार्ने रहेछ भन्दै थिए । कतिले नेपाललाई बुझाउँछ भन्दै थए । कसैले मनोवैज्ञानिक त्रास दिन खोजेको होला भने । सबैको कुरा सुनिसकेपछि मैले भनेँ- हामीलाई मार्दैन । अन्त कतै जेल लग्न सक्छ जस्तो लाग्यो । लाग्यो, बसमा मार्ने नै भएछ भने त्यही बेला तिनीहरूसँग लडौँला । हतकडी भए पनि नारा लगाउने, तिनीसँग एकपटक भए पनि हानाहान गर्ने भन्ने कुरा भयो । त्यसपछि बिहान चिसोमा एक ठाउँमा गएर गाडी घच्याक्क रोकियो । यसो हेर्दा पर्खाल देखियो । पुलिस पनि देखियो । जेलमा ल्याएको रहेछ । त्यसपछि भित्र लग्यो । हामीलाई त जेल होइन, सेलमा राखेको रहेछ । गोलघरमा । सेल भनेको उस्तै चौडाइ, उस्तै उचाइ, उस्तै लम्बाइ भएको ठाउँलाई गोल वा सेल भनिन्छ । सेल भनेको मानसिक तथा भौतिक रूपमा चरम यातना दिने ठाउँ हो । सेलमा सबैलाई हाल्दैन । त्यहाँ उनीहरूले खतरनाक र चुनौती ठानेको कैदीलाई हाल्छ । हामीलाई अलगअलग कोठामा राख्यो । बत्ती पनि छैन । चर्पी पनि छैन । एउटा बाल्टी दियो- दिसापिसाब त्यहीँ गर्ने भनेर । सानो कोठा छ, खाना घाम नअस्ताउँदै ल्याइदिन्छ । उसले जे दिन्छ त्यही खाने त हो । त्यसपछि दिउँसो एकपटक देखादेख गर्‍यो । साथी जिउँदै छन् भन्ने त भयो तर भेटघाट गर्न र मजाले कुराकानी गर्न मिल्ने भएन । त्यसरी २० वर्ष पुरानो सेलमा राख्यो ।

जेलका पर्खाल अग्ला थिए । हामीलाई ल्याएको अघिल्लो दिन पर्खालवरिपरिका रूख काटेको रहेछ । त्यहाँ बिच्छी, सर्प, लामखुट्टे त कति हो कति । झनै बिच्छी र सर्पको सहिद भइएला भन्ने डर भयो । विषालु सर्प आछ्यानमै आउने । भित्र हुलेपछि चेन गेट लगाउने । दिनमा एकपटक घाम ताप्न बेलाउने अनि चेन गेटभन्दा पाँच कदम पर एउटा लाल्टिन बाल्ने । किन भन्दा सेन्ट्री हेर्न सजिलो होस् भनेर । मात्रै सर्प, बिच्छीले खाएर मरिन्छ भनेर झ्यापझुप कपाडाले छोपेर सुत्ने गरिन्थ्यो । गर्मी त्यस्तै, खलखल पसिना आउने । त्यस्तोमा देश र पार्टी सम्झेर बाँचियो । चिसो सम्झेर बाँचियो । सगरमाथा सम्झेर बाँचियो ।

त्यसपछि भारतमा साढे दुई वर्ष राख्यो । हामीलाई त्यो गिरफ्तारी पार्टीभित्रै अन्तरसङ्घर्ष बिग्रेर भएको हो भन्ने लाग्छ । मलाई लाग्छ- कतै न कतै घात भयो किनभने सँगै सडेको कोठाबाट कोही साथी सकुशल निस्कने, कुनै साथीहरू बस्ने । एकले अर्कालाई कसैले चिनेका छैनौँ । २० मिनेटभित्र सबै सरापसुरुप बढारेर लगेएको छ । अनि सोध्दा तिमीहरूकै साथीले त पक्राएको हो नि ! भन्छ । हामी त तिमीहरूको साथीबाटै आएका हौँ भन्छ । त्यतिखेरको अन्तरसङ्घर्षको कोपभाजनमा परियो ।

(कुराकानीमा आधारित)


## भावपूर्ण श्रद्धाञ्जली !

जन्म : २०१६/१२/०४



निधन: २०७४/१०/१०

हाम्रो गौरवशाली संगठन दलित मुक्ति मोर्चा नेपाल ललितपुरका जिल्ला सदस्य क.राजकुमार परियारको ममतामयी आमा शान्तमाया परियारको यही माघ १० गते दु:खद निधन भएको हुँदा उहाँप्रति हार्दिक श्रद्धाञ्जली एवं शोक सन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछौँ ।

नेपाल कम्युनिस्ट पार्टी
ललितपुर

दलित मुक्ति मोर्चा नेपाल
ललितपुर


## कविता

### रङ्गीचङ्गी दुनियाँमा धमिलो दृश्य



रसुवाली कवि

अन्धकारलाई अन्धकारले नै अँगालो हालेको
एक रात
कमरेड आउनुभयो हाम्रो घरमा
पुरानो पाठ्यक्रम अगेनामा हालिदिनुभयो
राता किताबसँगै हामी सजियौँ रातै देशमा
हामी विद्यार्थीबाट बाल छापामार भयौँ ।

पहिलोचोटि मैले यो देशलाई
गर्वले गरेँ लालसलाम

त्यसपछि कष्टकर यात्राका अनेकन
मोडहरुमा भौँतारिरहेँ
युगान्तकारी क्षणहरुमा रमाइरहेँ

बारुदी दिनहरु सम्झन्छु
रक्तिम क्रान्तिकारी गीतहरु सम्झन्छु
रमाइलो तर जोखिमको
तुइनजस्तो सहयात्रा सम्झन्छु
त्यो गुराँसको फेदमा चुहिएको रगत सम्झन्छु
सम्झना दिदी
यात्रुको जीवन भन्नु सम्झना रहेछ ।

गाउन छोडेर आफ्नो गीत
रनभुल्ल भएको यात्राबाट म आएको छु
आफ्नो प्रिय कमरेडलाई भेट्न
मलाई अँगालो हाल्दै हाँस्नु छ
अँगालो हाल्दै रुनु छ

कमरेड फेरिनुभएछ
भुँडी भएछ
यो सहरको ठूलो सटरझैँ
हापुरे बैठकमा लगाउनुभएको जुत्ता फेरिएछ
धोबीघाट गठबन्धनमा लगाउनुभएको सर्ट
पनि फेरिएछ
६ दिने आमहडतालको तेजिलो रबाफ
हराएछ
निधारमा रगत हो कि अक्षता लगाउनुभएछ

पुजारी भनौँ कि सहयात्री भनौँ
दोधारमा छु

लाल अभिभावदन मित्र, लाल अभिभावदन
युद्धकालीन शैलीमा भने-
सहरमा बाँच्न सकिएन
बाँच्ने मेसो गरिदिनुस्
मन्त्री निवासको झ्याल
पिच्चपिच्च पान थुक्दै
तातोपानी गिलासमा खन्याएर
मेरो प्रिय सहयात्रीले भने-
तपाईंसँग बुर्जुवा सर्टिफिकेट छैन
ज्ञान छैन बुर्जुवाहरु चलाउने
घर जानुस्
साग छर्नुस्
म व्यस्त छु
डिस्टर्भ नगर्नुस्

म बोलिनँ
बोल्न जरुरी पनि ठानिनँ
ममा उम्लिरहेको छ एउटा आक्रोश
म पनि जलाउन चाहन्छु
कमरेडको नक्कली सर्टिफिकेट
यो सहरले लगाइदिएको लुगा बालेर
म मेरा केटाकेटीलाई
जाडो कटाउन चाहन्छु
म यो क्रान्तिको उल्टो ल्यान्डिङविरुद्ध
फेरि अर्को लडाइँ लड्न चाहन्छु ।

## कस्तो समाजवाद ...

सामाजिक उत्पादन सम्भव हुन्छ । उत्पादनको विकासले समाजमा विभिन्न किसिमका वर्गहरूको अस्तित्वलाई अनावश्यक तुल्याइदिन्छ। जुन गतिले सामाजिक उत्पादनको अराजकता समाप्त हुन्छ त्यसै गतिले राज्यको राजनीतिक प्रभुत्व पनि खतम हुँदै जान्छ।६'

त्यसैले पहिला अस्तित्वमा रहेको यो राज्य प्रणालीको अन्त्य हुनुपर्छ । उत्पादन प्रणाली र उत्पादक शक्तिका बीचमा चलेको अन्तर्विरोधले चरम रूप लिन्छ । यसका लागि बल प्रयोगको आवश्यकता पर्दछ। यसरी स्थापना भएको राज्य प्रणालीमा उत्पादन प्रणालीमाथि श्रमिक वर्गको स्वामित्व रहन पुग्छ। अर्थात् दलाल पुँजीवादी राज्य प्रणालीको अन्त्यपछि मात्र वैज्ञानिक समाजवादी राज्य प्रणाली स्थापना हुन पुग्छ । नेपालको सन्दर्भमा स्थापना हुने वैज्ञानिक समाजवादका केही राष्ट्रिय पुँजीको विकास गर्ने कार्यभारहरू पनि रहेका हुन्छन्। त्यसैले यस्तो समाजवाद एङ्गेल्सले भनेको जस्तो नभएर लेनिनले नयाँ आर्थिक नीति (New economic policy) (नेप) मार्फत लागू गरेको समाजवाद हुन्छ। पहिला दलाल पुँजीवादको सम्पूर्ण पुँजी राष्ट्रियकरण गरिनुपर्छ । भ्रष्टाचारी, कालोबजारीलाई पूर्ण नियन्त्रण गरिनुपर्छ। राष्ट्रिय पुँजीको तीव्र विकास र उत्पादन बढाउनका लागि राष्ट्रिय पुँजीपतिहरूको संरक्षण गर्नुपर्छ । साना उद्योगहरू निजी रूपमा सञ्चालन गर्न दिनुपर्छ । सबैलाई अनिवार्य रोजगारी, श्रमको उचित मूल्य मात्र नभएर जीविकोपार्जनको सुनिश्चितता गरिनुपर्छ । स्वास्थ्य र शिक्षा अनिवार्य, निःशुल्क, स्तरीय हुनुपर्छ। उपभोक्तावादी संस्कृतिका विरुद्ध जनवादी संस्कृतिको पक्षपोषण र संरक्षण गरिनुपर्छ।

**सन्दर्भ सामग्री**

१-मार्क्स-एङ्गेल्स सङ्कलित रचनासङ्ग्रह, खण्ड ३, पृष्ठ ११६
२- ऐ ऐ पृष्ठ ११७
३- सोवियत सङ्घ मे समाजवाद का निर्माण कैसे हुआ, पृष्ठ ९९
४-Fourth Industrial Revolution विकिपिडिया-ड्याभोज कस्टर स्विट्जरल्यान्ड
५- मार्क्स-एङ्गेल्स सङ्कलित रचनासङ्ग्रह, खण्ड ३, पृष्ठ ११७

## कस्तो सहिद ...

नेपालको सरकारले अघिल्लो सरकारले घोषणा गरेका सहिदहरूलाई खारेज मात्र गरेन, नामसहितको फाइल नै बेपत्ता पारिदियो। माकुने सरकारले २०६७ असार ९ गते माओवादीद्वारा मारिएका भनिएका १ हजार ६ सय १९ लाई सहिद घोषणा गर्‍यो।

यसरी सरकारैपिच्छे सहिद घोषणा गर्ने र खारेज गर्ने क्रम अहिलेसम्म जारी छ। पछिल्लो परिघटना त्यसैको निरन्तरता मात्र हो । तर यतिखेर नेपालमा यो परिभाषा निरर्थक साबित भएको छ। दलविशेषले मनलागी ढङ्गले सडक दुर्घटनामा परेका मानिसलाई समेत सहिद घोषणा गर्ने परिपाटीले सहिदको अवमूल्यन गरेको छ भने सहिद परिवारको मर्म र भावनामा ठेस पुर्‍याएको छ । अहिले राजतन्त्रका विरुद्ध लडेर गणतन्त्र ल्याउन रगत बगाउनेहरू पूरै बेखबर छन् भने गणतन्त्रको उच्चारण नै गर्न नचाहनेहरूको रजाइँ चलेको छ।







## विसर्जनवाद र ...

जब हामी जनयुद्धबाट शान्ति प्रक्रियामा प्रवेश गर्‍यौं, बाबुरामले सुरुमा वैज्ञानिक समाजवादी विचारमा विकासको प्रचार गरे। पार्टी पुरानै तरिकाले क्रान्तिमा जान नहुने नयाँ तरिका (वास्तवमा नयाँ नै थिएन) ले क्रान्ति गर्ने भन्दै हिँडे जब पार्टीमा क्रान्तिका सन्दर्भमा दुईलाइन सङ्घर्ष चल्न थल्यो, बाबुरामले संसदीय व्यवस्थाको पक्षमा तर्कहरू गर्न थाले। उनले लोकतान्त्रिक गणतन्त्रको संस्थागत विकास, आर्थिक क्रान्ति, मित्र देशहरूसँगको सहकार्य भन्न थाले। जब माओवादीमा क्रान्तिकारी धारले विद्रोह गरी पार्टी पुनर्गठन गर्न पुग्यो, बाबुरामले पनि प्रचण्डसँग विद्रोह गर्दै नयाँ शक्ति नामको पार्टी गठन गर्न पुगे। नयाँ शक्तिले कम्युनिस्ट पार्टी मात्र त्यागेन कि वैज्ञानिक समाजवाद र मार्क्सवाद, लेनिनवाद, माओवादका विचार आदर्शलाई पनि परित्याग गर्न पुग्यो । बाबुरामले यतिबेला नयाँ जनवादी, वैज्ञानिक समाजवादी क्रान्तिको आवश्यकता नरहेको प्रचार गर्दै हिँडिरहेका छन् । उनले कम्युनिस्ट पार्टीभित्रै बसेर कम्युनिस्ट पार्टीलाई विसर्जन गर्ने रुसी नेता यल्त्सीनको मार्ग अनुशरण गरे। बाबुराम नेपाली कम्युनिस्ट आन्दोलनका विसर्जनवादी नेता सावित हुन पुगे।

आत्मसमर्पणवाद पनि कम्युनिस्ट आन्दोलनको विघटनकारी प्रवृत्ति हो । कम्युनिस्ट पार्टीभित्रैबाट जनता, क्रान्ति, श्रमिकवर्ग भ्रम छर्ने, धोका दिने र प्रतिक्रियावादी संसदीय व्यवस्थासामु आत्मसमर्पण गर्ने काम यस प्रवृत्तिले गर्दै आएको छ । यो प्रवृत्ति पनि विश्व कम्युनिस्ट आन्दोलनमा युरोपीयन कम्युनिस्ट पार्टीहरूभित्रबाट देखापर्दै आएको छ। फ्रान्समा मिलेराँले आत्मसमर्पणवादको अगुवाई गरे, जर्मनमा सिदेमानले प्रतिक्रियावादी संसदीय व्यवस्थासामु आत्मसमर्पण गर्दै यो प्रवृत्तिको नेतृत्व गरे। रुसमा मेन्सेभिकहरूले यो प्रवृत्तिको प्रतिनिधित्व गरे भने चीनमा छन् तु स्युले र भारतमा ज्योति बसुहरूले यसको नेतृत्व गरे। नेपालमा एमालेले हुँदै हाल प्रचण्डले यसको नेतृत्व गरिरहेका छन् । यतिबेला प्रचण्डहरूको तर्क छ, क्रान्ति सम्भव छैन, नयाँ जनवादी क्रान्ति मूलरूपले पूरा भइसकेकोले तयारी गरेर मात्र वैज्ञानिक समाजवादी क्रान्तिमा जान सकिन्छ, हाल सरकारमै बसेर तयारीको काम गर्नुपर्दछ, संविधान कार्यान्वयनको विषय हालका लागि मुख्य हो आदि आदि । आत्मसमर्पणवादी प्रवृत्ति पनि अन्ततः विसर्जनवादमै पतन हुन पुग्नेमा दुविधा छैन । यति हो, विसर्जनवादले खुलेआम कम्युनिस्ट आन्दोलन नै परित्याग गर्दै प्रतिक्रियावादी व्यवस्थाको सेवा गर्न पुग्दछ भने आत्मसमर्पणवादले राजनीतिक कार्यहरू सम्पूर्णरूपले प्रतिक्रियावादी संसदीय व्यवस्थालाई सहयोग र संरक्षण गर्ने गरे पनि नामसम्म कम्युनिस्ट पार्टीकै प्रदर्शन गर्ने गर्दछ। बाहिर साइनबोर्ड कम्युनिस्ट पार्टीको राखेर काम सबै पुँजीवादी, संसद्वादीको गर्दछ । उदाहरणका लागि बाबुरामले नाम पनि काम पनि कम्युनिस्ट पार्टी त्यागेर, कम्युनिस्ट विचार त्यागेर गरिरहेका छन् भने प्रचण्डले नामसम्म कम्युनिस्ट पार्टीको राखेका छन् तर सबै काम संसद्वादीले गर्ने अझ कैयौँ विषयमा त बाबुरामभन्दा पनि तल गिरेर कार्य गरिरहेका छन्।

(ख) विसर्जनवादका विशेषताहरू

विसर्जनवाद क्रान्तिकारी आन्दोलनको हानिकारक र विघटनकारी प्रवृत्ति हो । यो प्रवृत्तिले प्रारम्भकालदेखि नै कम्युनिस्ट पार्टी, श्रमजीवी जनता, क्रान्तिलाई हानी गर्दै आएको छ। यसले कम्युनिस्ट आन्दोलनभित्रैबाट जनताका सत्रुहरूलाई सघाउने र जनतालाई क्षति गर्ने गरेको छ । विसर्जनवादले प्रदर्शन गरेका सोच क्रियाकलाप आदिलाई हेर्दा विसर्जनवादका निम्न विशेषताहरू रहेका छन् :

(१) सर्वहारावर्गीय क्रान्तिको विरोध गर्नु
(२) कम्युनिस्ट पार्टीको विरोध गर्न पुग्नु
(३) वैज्ञानिक समाजवादका विचार, कार्यक्रमको विरोध गर्नु
(४) श्रमिकवर्गीय आन्दोलनप्रति भ्रम प्रचार गर्नु
(५) संसदीय व्यवस्थालाई सहयोग र समर्थन गर्नु
(६) संसदीय व्यवस्थामा मन्त्री, संसद् बन्दै सत्तालाई सहयोग गर्नु
(७) सरकारमा बसेर क्रान्तिलाई दमन गर्न'
(८) साम्राज्यवादी शक्तिसामु आत्मसमर्पण गर्नु र दलाली गर्नु

(ग) आत्मसमर्पणवादका विशेषताहरू

आत्मसमर्पणवाद विश्व कम्युनिस्ट आन्दोलनको घातक र हानिकारक प्रवृत्ति हो । यसले विश्वका सबै क्रान्तिकारी पार्टीहरूलाई हैरानी र नोक्सानी गर्दै आएको छ । बाहिरको दुश्मनले भन्दा धेरै दुःख र सास्ती दिने गरेको छ । विश्वका सबै क्रान्ति र क्रान्तिकारी पार्टीहरूमा यो देखापर्ने गरेको छ भने क्रान्तिकै क्रममा यसको उपचार पनि हुँदै आएको पनि छ। रुस, चीन, अमेरिका, भारत सबैतिर यो समस्या आएको हो। यो समस्या नेपालमा पनि नयाँ होइन। पञ्चायतकालमा मनमोहन, तुलसीलाल, मालेहरूले यसको नेतृत्व गरेका थिए। आज आएर असाध्यै भद्दा प्रकारले माओवादी केन्द्रले गरिरहेको छ । हालसम्म देखापरेका आत्मसमर्पणवादलाई अध्ययन गर्दा यसका विशेषताहरू निम्नानुसार रहेका छन् :

(१) मार्क्सवादी, लेनिनवादी, माओवादी विचारको परित्याग
(२) वैज्ञानिक समाजवादी क्रान्तिको परित्याग
(३) नाममा कम्युनिस्ट पार्टी (फलक) को प्रयोग
(४) संसदीय व्यवस्थासामु आत्मसमर्पण
(५) संसद्, सरकार र राज्यमा सहभागी बन्नु
(६) जनवादी तथा समाजवादी क्रान्तिको विरोध गर्नु
(७) विदेशी साम्राज्यवादी शक्तिसामु आत्मसमर्पण गर्नु
(८) क्रान्ति र क्रान्तिकारी पार्टीप्रति अनेक भ्रम प्रचार गर्नु
(९) क्रान्तिकारी शक्तिलाई दमन गर्न भित्रभित्रै षड्यन्त्रमा सहभागी बन्नु

(घ) विसर्जनवाद र आत्मसमर्पणवादविरुद्धको सङ्घर्ष

विश्वमा क्रान्तिको विजय र क्रान्तिकारी शक्तिको सफलता कम्युनिस्ट आन्दोलनमा देखापर्ने विसर्जनवाद र आत्मसमर्पणवादका विरुद्ध निर्मम सङ्घर्ष सञ्चालन गरेर र त्यसमाथि विजय हासिल गरेर मात्र हुने गरेको छ । जब कम्युनिस्ट पार्टी र कम्युनिस्ट क्रान्तिमा विसर्जनवाद र आत्मसमर्पणवाद देखापर्दछ, त्यसका विरुद्ध तिखो र सशक्त सङ्घर्ष सञ्चालन गर्नैपर्दछ। बाह्य वर्गसङ्घर्षमा विजय हासिल गर्नु छ भने पहिले क्रान्तिकारीहरूले पार्टीभित्रका हानिकारक प्रवृत्ति विसर्जनवाद र आत्मसमर्पणवादमाथि विजय हासिल गर्नैपर्दछ। पार्टी र क्रान्तिलाई विसर्जनवाद र आत्मसमर्पणवादको विषालु विचारबाट नबचाएसम्म वर्गसङ्घर्षमा सफलताको परिणाम आउला भन्ने आशै नगरे हुन्छ।

रुसी समाजिक जनवादी मजदूर पार्टीभित्र प्रतिक्रान्तिको अप्ठ्यारो काल सन् १९१२ तिर विसर्जनवादीहरू देखापरेका थिए । उनीहरूले रुसमा क्रान्ति सम्भव नभएको प्रचार गर्दै प्रतिक्रियावादी जार सत्ताको सामु आत्मसमर्पण गर्न पुगेका थिए। लेनिन र बोल्सेभिक पार्टीको नेतृत्वमा रुसमा विसर्जनवादविरुद्ध निर्मम सङ्घर्ष सञ्चालन गरियो र उनीहरूको भ्रमबाट क्रान्तिकारी पार्टी र आन्दोलनलाई संरक्षण गर्ने काम भयो। अन्ततः विसर्जनवादीहरू क्रान्तिको प्रक्रियासँगै परास्त भएर गए र रुसमा क्रान्ति सफल भयो। चीनमा पनि प्रतिक्रान्तिकालमा सन् १९३६ तिर चिनियाँ कम्युनिस्ट पार्टीभित्र विसर्जनवाद देखापर्‍यो । चीनमा क्रान्ति सम्भव नभएको भन्दै च्याङ काई सेकको सत्तासामु आत्मसमर्पण गर्न पुग्यो। माओ र चिनियाँ कम्युनिस्ट पार्टीको नेतृत्वमा विसर्जनवादविरुद्ध सङ्घर्ष छेडियो। अन्ततः चीनमा विसर्जनवादीहरू पराजित भए र क्रान्ति सम्पन्न भयो। भारतमा पनि विभिन्न समयमा देखापरेका विसर्जनवाद खासगरी पछिल्लो पटक सन् १९९० तिर के भेनुको विसर्जनवाद देखापर्‍यो, त्यसविरुद्ध भाकपा (माओवादी) ले निर्मम सङ्घर्ष सञ्चालन गर्दै क्रान्ति अगाडि बढाइरहेको छ । जर्मनीमा देखापरेको सन् १९१८ को विसर्जनवाद (सिदेमान समूह) ले क्रान्तिकारी नेताहरू रोजा र लिखनेख्तको हत्या गर्नेमा सघाएको थियो । जर्मन क्रान्तिमा निकै ठूलो क्षति पुर्‍याएको थियो।

नेपालमा सन् २००८ देखि प्रचण्ड, बाबुराममा आत्मसमर्पणवाद र विसर्जनवाद देखापर्‍यो। उनीहरूले सुरुमा सिर्जनशील बन्नुपर्ने, मालेमाको विकास गर्नुपर्ने, नयाँ विचारको विकासबाट मात्र क्रान्ति गर्न सकिने प्रचार गरे तर जब सङ्घर्ष बढ्दै गयो, तब उनीहरूले खुलेआम विसर्जनवाद र आत्मसमर्पणवादको वकालत गर्न थाले । उनीहरूमा विसर्जनवाद र आत्मसमर्पणवाद देखिन थालेपछि हामीले पार्टीभित्र तिखो विचारधारात्मक, राजनीतिक र योजनागत सङ्घर्ष सञ्चालन गर्‍यौं । उनीहरूले पार्टीलाई एकलौटी रूपले कब्जा गरी आत्मसमर्पणमा डुबाउन खोजेको चालवाजीलाई धेरै हदसम्म असफल गर्दै पार्टीको क्रान्तिकारी धारालाई बचाउन सफल भयौं। पार्टीको क्रान्तिकारी धारालाई बचाउँदै पार्टीलाई पुनर्सङ्गठित गर्न सफल भयौं। एकहदसम्म विसर्जनवाद र आत्मसमर्पणवादलाई परास्त गर्न सफल भयौं। तथापि नेपालमा विसर्जनवाद र आत्मसमर्पणवादविरुद्धको सङ्घर्ष समाप्त भएको छैन। आज पनि जोडतोडले यो सङ्घर्ष चलिरहेको छ।

(ङ) विसर्जनवाद र आत्मसमर्पणवादविरुद्ध थप सङ्घर्षको आवश्यकता

विसर्जनवाद र आत्मसमर्पणवादविरुद्धको सङ्घर्ष नेपालमा थप आवश्यक छ किनकि आज पनि नेपालमा बाबुराम र प्रचण्डहरूले क्रान्तिका विरुद्धमा अनेकौं भ्रामक प्रचार गरिरहेका छन् । क्रान्ति पूरा भइसक्यो, अब आर्थिक क्रान्ति गर्नुपर्दछ, संसदीय व्यवस्थालाई सुदृढ गर्नुपर्दछ, संविधान कार्यान्वयन गर्नुपर्दछ, योभन्दा ठूलो क्रान्ति सम्भव छैन्, क्रान्तिको कुरा गर्नु भनेको परिस्थितिलाई नबुझ्ने उग्रवादी सोच हो आदि । उनीहरूले क्रान्तिका विरुद्ध मात्र होइन, क्रान्तिकारी शक्तिका विरुद्ध पनि अनेकौं दुषित प्रचार गर्दै हिंडेका छन्। हाम्रो पार्टी 'रअ' ले चलाएको, कहिले भारतले चलाएको, कहिले राजासँग साँठगाठ गरेको, कहिले पश्चिमासँग जोडिएको, कहिले चीनसँग जोडिएको भन्ने हल्ला भित्रभित्रै र केही मात्रामा बाहिर पनि चलाउने गरेका छन्। उनीहरूले हाम्रो पार्टीले केही गर्न नसक्ने, क्रान्ति भन्ने मात्र हो गर्ने होइन, गर्ने भए किन नगरेको भन्छन् भने कहिले माओवादीसँग एक हजारभन्दा बढी आधुनिक हतियार रहेको, जतिबेला पनि सैन्य कारबाही गर्न सक्ने, ठूलो सैन्य कारबाही गर्न सक्नेजस्ता प्रचार गर्ने गरेका छन्। यी प्रचारलाई ठूला सञ्चार भन्नेहरूले समेत प्रोत्साहन गरिरहेका छन्। यी सबै प्रचारको उद्देश्य विसर्जनवाद र आत्मसमर्पणवादलाई प्रोत्साहन गर्नु रहेको छ।

हामीले विसर्जनवाद र आत्मसमर्पणवादविरुद्ध प्रभावकारी सङ्घर्ष चलायौं । एकहदसम्म विजय हासिल पनि गर्‍यौं । हामीले क्रान्तिप्रति जनतालाई पुनः आशावादी बनाएका छौं । युवा-पुस्तालाई क्रान्तिमा सहभागी बन्न उत्साहित गराएका छौं । परन्तु सङ्घर्ष समाप्त भएको छैन । आत्मसमर्पणवाद र विसर्जनवादको दुर्गन्धित हावा अझै पनि चारैतिर चलिरहेको छ। आत्मसमर्पणवादी र विसर्जनवादीहरूले जनतालाई निरास गराउने, क्रान्तिप्रति अविश्वास पैदा गर्ने, सहिद, बेपत्ता योद्धा परिवार र घाइतेहरूलाई निराश गराउने, देशभक्त र प्रगतिशील शक्तिहरूलाई आतङ्कित पार्नेगरी प्रचार गरिरहेका छन् । हामीले यी हानिकारक र घातक प्रवृत्तिविरुद्धको सङ्घर्षलाई अलिकति पनि कमजोर पर्न दिनुहुँदैन । आजको बहसमा विसर्जनवादी र आत्मसमर्पणवादीहरूको भनाइ र प्रचारभन्दा क्रान्तिकारी विचार र सङ्घर्ष माथि परेको भए पनि पूरै हावी भइसकेको छैन। तसर्थ, क्रान्तिकारी नेता र कार्यकर्ताहरूले गलत प्रवृत्तिविरुद्धको सङ्घर्षलाई निरन्तर सञ्चालन गरिरहनुपर्दछ। जनताका बीचमा विसर्जनवाद र आत्मसमर्पणवादलाई नाङ्गेझार पार्नुपर्दछ।

हामीले विसर्जनवाद र आत्मसमर्पणवादविरुद्ध सङ्घर्ष सञ्चालन गर्दा विचारधारात्मक पक्षमा विशेष जोड दिनुपर्दछ । जनता र कार्यकर्तालाई वैज्ञानिक समाजवादी विचारको वैज्ञानिकताबारे स्पष्ट गर्नुपर्दछ । वैज्ञानिक समाजवादले जनता र श्रमिक वर्गको मुक्ति, स्वतन्त्रता र समृद्धि ल्याउने विषयमा बोध गराउनुपर्दछ। वैज्ञानिक समाजवादले मात्र मानवजातिलाई शोषण, दमन, उत्पीडन, गरिबी र अशान्तिबाट मुक्त गर्दै सुन्दर र शान्त भविष्य दिन सक्नेमा विश्वास दिलाउनुपर्दछ । हामीले ती गलत प्रवृत्तिसँग सङ्घर्ष गर्दा आजको पुँजीवादी, दलाल पुँजीवादी, उत्तर-साम्राज्यवादी दुनियाँलाई बदल्न र जनतालाई वैज्ञानिक समाजवादको उच्च राज्यव्यवस्था दिन सक्ने पार्टी भनेको असल कम्युनिस्ट पार्टीले मात्र हो भन्ने स्थापित गर्नुपर्दछ। कम्युनिस्ट पार्टीले मात्र सबै खराबीविरुद्ध सङ्घर्ष गर्दै जनतालाई सुन्दर भविष्यतर्फ अग्रसर गराउन सक्छ भन्ने विश्वास दिनुपर्दछ । साथै, पार्टीलाई सबै खालका गलत विचार र प्रवृत्तिबाट मुक्त राख्नुपर्दछ । त्यसैगरी, जनताको माझमा काम गर्दा क्रान्ति सम्भव मात्र होइन, अनिवार्य छ र क्रान्तिलाई विजयसम्म पुर्‍याउन सकिन्छ भन्नेमा जोड दिनुपर्दछ। पार्टीले जनता र देशको पक्षमा अगाडि बढाउने योजना र सङ्घर्षहरूमा इमानदारितापूर्वक डट्नुपर्दछ । हामीले यी कामहरू नियमित रूपले जनताका बीचमा सञ्चालन गर्‍यौं भने विसर्जनवाद र आत्मसमर्पणवादी खराबीबाट क्रान्ति र पार्टीलाई जोगाउँदै लान सक्छौं।

सारांश

विसर्जनवाद र आत्मसमर्पणवाद विश्व कम्युनिस्ट आन्दोलनको घातक रोग हो। यसले विश्व कम्युनिस्ट आन्दोलनमा बेला-बेला निकै ठूला नोक्सानी र क्षति पुर्‍याउने गरेको छ। यसले कम्युनिस्ट पार्टीलाई मात्र होइन; जनता, श्रमिक वर्ग र क्रान्तिलाई नै निकै ठूलो हानी नोक्सानी गरेको छ। विसर्जनवाद र आत्मसमर्पणवादविरुद्ध विश्वका क्रान्तिकारी नेता र पार्टीहरूले कठोर तिखो सङ्घर्ष चलाउँदै आएका छन् । पार्टीभित्र भीषण सङ्घर्षहरू भए पनि प्रायः सङ्घर्षमा विसर्जनवादी र आत्मसमर्पणवादीलाई क्रान्तिकारीहरूले पछार्दै र परास्त गर्दै क्रान्तिलाई विजयी तुल्याएका छन्। रुसमा लेनिन र बोल्सेभिक पार्टीको नेतृत्वमा मेन्सेभिकभित्रबाट पैदा भएको विसर्जनवादविरुद्ध भीषण सङ्घर्ष गर्दै क्रान्तिलाई विजयी तुल्याएको इतिहास र माओले चीनमा चाङ को थाओविरुद्ध सङ्घर्ष गर्दै क्रान्ति सफल गरेको इतिहास यसका ज्वलन्त उदाहरण हुन् । विश्व कम्युनिस्ट आन्दोलनमा यी प्रवृत्तिविरुद्धको सङ्घर्ष आज पनि जारी छ।

नेपालमा विसर्जनवाद र आत्मसमर्पणवाद बेला-बेला खतरनाक प्रकारले आउने गरेको छ। यो प्रवृत्तिले नेपाली क्रान्तिलाई बेला-बेला निकै ठूलो हैरानी र नोक्सानी गरेको सच्चाइ पनि प्रस्टै छ । २०१७ सालपछि देखिएको रायमाझीको विसर्जनवाद, पञ्चायतकालमै मनोमोहन, तुलसीलालहरूले लिएको आत्मसमर्पणवादी बाटो, साथै २०३९ सालपछि मालेले लिएको आत्मसमर्पणवादी बाटो यसका उदाहरण हुन् । यी विचलनहरूले नेपाली कम्युनिस्ट आन्दोलनलाई सामन्तवाद र दलाल पुँजीवादसामु आत्मसमर्पण गराएर नेपाली क्रान्तिलाई घाटा पुर्‍याएको स्पष्टै छ । पछिल्लो समयमा जनअपेक्षा विपरीत र हामीले कम अनुमान गरेको प्रचण्ड, बाबुरामको आत्मसमर्पणवाद र विसर्जनवाद निकै हानिकारक र डरलाग्दो रह्यो । यसले विजयको नजिक पुगेको नेपाली क्रान्तिलाई निःशस्त्र पार्दै, विसर्जित गर्दै निकै ठूलो क्षति पुर्‍यायो। यसले नेपाली क्रान्तिमा अपूरणीय क्षति गरेको सबैलाई अवगत छ तर नेपालमा पनि विसर्जनवाद र आत्मसमर्पणवादविरुद्ध निरन्तर सङ्घर्ष सञ्चालन हुँदै आएको छ। घरि-घरि हैरानी र नोक्सानी व्यहोर्नुपरे पनि ती प्रवृत्तिमाथि क्रान्तिकारी धार र शक्ति नै विजयी बन्दै आएको छ । आज पनि प्रचण्ड-बाबुरामको विसर्जनवाद र आत्मसमर्पणवादविरुद्ध भीषण सङ्घर्ष सञ्चालन गरिएको छ र एकहदसम्म विजय पनि हासिल गरिसकिएको छ, तथापि लडाइँ जारी नै छ।

हामीले मालेमावादी विचारलाई दह्रोसँग पकड्नुपर्दछ । हामीले वैज्ञानिक समाजवादको विचार आदर्शलाई दृढतापूर्वक पकड्नुपर्दछ । हामीले क्रान्तिकारी कम्युनिस्ट पार्टीको मान्यतालाई दह्रोसँग आत्मसात गर्नुपर्दछ। साथै, हामीले नेपाली क्रान्तिको सफलता, निश्चितता, जनताको मुक्ति र देशको स्वाधीनताको सम्भावनालाई ढुक्कसँग समात्नुपर्दछ। हामीले क्रान्तिमा देखापर्ने सबै खराबी विशेषतः विसर्जनवाद र आत्मसमर्पणवादविरुद्ध कठोर र निर्मम सङ्घर्ष सञ्चालन गर्दै तिनमाथि विजय हासिल गर्ने आत्मविश्वास बोक्नुपर्दछ। क्रान्तिकारी पार्टी र क्रान्तिको विजयलाई कसैले पनि रोक्न सक्नेछैन।

# जनअदालत सक्रिय

■ रातो खबर संवाददाता/

उदयपुर जिल्ला जनसरले न्यायिक फैसला गर्न थालेको छ । गाईघाटबाट प्राप्त समाचारअनुसार पुस २१ गते सुनसरी, इटहरी निवासी पीडित सुरेन्द्र केसीले उदयपुर बेलका नपा ८, (साबिक रामपुर फोक्सिला १) रामबहादुर थापाविरुद्ध ठगी मुद्दामाथि फैसला गरेको छ । पीडक रामबहादुर थापाले विभिन्न मितिमा १० बिघा जमिन दिने सर्तमा ६७ लाख रुपैयाँ दिएका थिए । जग्गा नामसारी गरी दिनुको सट्टा ठगी गर्ने नियतले थापाले आफ्नो नामको जग्गा श्रीमतीका नाममा नामसारी गरे । श्रीमतीसँग सम्बन्धविच्छेद भइसकेको नक्कली पत्रसमेत उनले बनाएका कारण थापाकी श्रीमतीको नामको जग्गा केसीले लिन नसक्ने भनी उदयपुर जिल्ला अदालतले फैसला गरेको थियो । जनअदालत उदयपुरले ठग थापा र उनकी श्रीमतीलाई गाईघाटमा झिकाई दबाब दिएपछि रामबहादुरले श्रीमतीको नाम रहेको जग्गा पीडित सुरेन्द्र केसीलाई चलनचल्तीको दरमा पूर्वसर्तबमोजिम प्रदान गरिएको उदयपुरका इन्चार्ज केदार राईले बताएका छन्। मुद्दाको फैसला उदयपुर जनसरकार प्रमुख जितबहादुर मगर नेतृत्वको टोलीले गरेको थियो।

यसैगरी उदयपुर गाईघाटबाट प्राप्त अर्को समाचारअनुसार निवेदक त्रियुगा नपा ११, गाईघाट निवासी नरबहादुर कार्की, केन्द्र राउत र राधाराम खतिवडाले काङ्ग्रेस उदयपुर सभापति विदुर बस्नेतलाई उदयपुर ८ का हरिबहादुर राउतमाथि ठगी गरेको आरोपमा गत वर्ष जनअदालतमा उजुरी गरेका थिए। पीडकले निजहरूको संयुक्त लालपुर्जा रहेको जग्गा पास गरिदिन्छु भनी रकम लिएको र तत्काल जग्गाको मूल्य बढेपछि सर्त उल्ट्याउन खोजेको ब्याजसहितको रकम फिर्ता लिन दिई पीडित बनाएको भनी उजुरी परेको थियो। उनीहरूको १४ कट्ठा जग्गामध्ये पटकपटक गरी ३८ लाख रुपैयाँ लिएको र त्यसबापत ७ कट्ठा पास गरिदिने सर्त भएकोमा बैना भइसकेको जग्गा दिन अस्वीकार गरेका थिए। नेकपा उदयपुरका इन्चार्ज केदार राई र जनसरकार प्रमुख जितबहादुर मगरसहितको टोलीले पीडकलाई झिकाए । पीडकहरू जे गर्छौ गर भन्दै उठ्न थालेको बेला थचारेपछि उनीहरु हच्किएका थिए। छलफलपछि पीडकहरुले साबिक मूल्यमा नै बैनाबमोजिम जग्गा पास गरि दिए।

हुलाक द. नं. ११/०७२/७३ काठमाडौं जि.का. द. नं. १०७/०७१/७२ वर्ष ३, अङ्क ३४, पूर्णाङ्क १२९ रातो खबर

नियमित

# जनताका आँसु पुछ्न आग्रह

■ **पवित्रा विश्वकर्मा**, बाजुरा

आज मुलुकमा न्याय मरेको छ । शासकहरू जनतामाथि मनोमानी गरिरहेका छन् र अन्याय लादिरहेका छन् । त्यसको एउटा साक्षी म आफैँ छु । अरुहरू पनि धेरै छन् । बिनाकारण हिरासत र जेलमा कोचिएका छन् । राज्यको कोपभाजनमा परेका वर्ग र समुदाय आँसु पुछ्ने पार्टीको खोजी गरिरहेका छन् । त्यो पार्टी एकीकृत जनक्रान्तिको कार्यदिशा कार्यान्वयन गरिरहेको नेपाल कम्युनिस्ट पार्टी नै हो भन्नेमा अब जनसमुदाई कुनै द्विविधा छैन ।

अनाहकमा हिरासत बसेर फर्किएको घटना मेरै जीवनमा घटेको छ । २०७४/८/१ गतेका दिन बाजुरा जिल्लाको वनपा ९ मा पर्ने माजगाउँ भन्ने ठाउँमा विगतदेखि नै म कोठा भाडामा लिएर बसेकी छु । कोठामै बसेर विद्यालयदेखि क्याम्पस पढ्दै गर्ने क्रममा बिनाकारण सोधपुछ गर्नुछ भनेर बोलाइयो । बाजुरा जिल्ला प्रहरी कार्यालयमा एक्कासि मलाई थुनुवा पुर्जी आयो । म अचम्ममा परेँ । त्यसपछि मैले भनेँ, ‘मलाई किन ल्याएको हो ?’

**म प्रश्न गर्छु ए मानवअधिकारकर्मी हो ! तिमीहरुले विदेशीले दिएको डलरले ठूलाठूला घरहरु बनायौ । मात्र रिपोर्टहरु बुझाउँछौ । वास्तविक अन्यायमा परेका मानिसहरुलाई र समुदायलाई कुनै पनि मुक्ति दिएका छैनौ । तिम्रो नक्कली मानवअधिकार प्रतिवेदनहरु एक दिन आगोमा पोलिनेछ र निषपक्ष मानवअधिकार र महिलाअधिकारका मागहरु हुनेछन् । ती एकीकृत जनक्रान्तिको माध्यमबाट पूरा हुनेछन् ।**

‘अहिले देशभर विभिन्न ठाउँमा बम हानिराखेको छ । त्यसैले हामीले ल्याएका हौँ’ भने ।

मलाई फेरि पनि विश्वास लागेन किनभने म सधैँ पीडित महिलाका विषयमा बोलिरहन्थेँ । म महिला मानवअधिकार रक्षक सञ्जालको चार वर्ष जिल्ला अध्यक्ष भएँ । अहिले पनि म सल्लाहकार सदस्य छु । विभिन्न किसिमका हिंसापीडित महिलाका विषयमा वकालत गरियो । तर मैले न कुनै पनि किसिमका गालीगलौज गरेकी छु, न त कुनै किसिमका हिंसात्मक क्रियाकलापमा सहभागी छु । मलाई बिनाकारण हिरासत कुर्नुपर्ने गरी कठघरामा उभ्याइएको छ ।

राज्यलाई त हामी अनगिन्ती प्रश्नहरू गरिरहेकै छौँ र क्रान्तिकै मैदानबाट त्यसको हल पनि गर्नेछौँ । म प्रश्न गर्छु ए मानवअधिकारकर्मी हो ! तिमीहरूले विदेशीले दिएको डलरले ठूलाठूला घरहरू बनायौ । मात्र रिपोर्टहरू बुझाउँछौ । वास्तविक अन्यायमा परेका मानिसहरूलाई र समुदायलाई कुनै पनि मुक्ति दिएका छैनौ । तिम्रो नक्कली मानवअधिकार प्रतिवेदनहरू एक दिन आगोमा पोलिनेछ र निष्पक्ष मानवअधिकार र महिलाअधिकारका मागहरू हुनेछन् । ती एकीकृत जनक्रान्तिको माध्यमबाट पूरा हुनेछन् । गरिब जनताका माग पूरा हुनेछन् । महिलाको वास्तविक अधिकार पाइनेछ ।

हामी यी र यस्ता सबै किसिमका उत्पीडित महिला, वर्ग र क्षेत्रका विषयमा लडिरहनेछौँ । क्रान्तिअघि देशमा वास्तविक महिलाको मुक्ति आउँदैन । यो देशमा अहिले बाख्राको टाउको झुन्ड्याएर कुकुरको मासु बेच्नेहरू छन् । उनीहरूले यस्तै प्रकारका काम गरिरहेका छन् । एकदुईजना राष्ट्रपति र सभामुख हुँदैमा यो देशमा महिलाको मुक्ति हुँदैन । त्यसैले फेरि पनि जुनसुकै निकायमा समान किसिमको कानुन कार्यान्वयन नभएर श्रमिक वर्गका आँखा पीडाका आसु बगेको बेला कसले पुछ्छ होला त्यो आँसु भनेर आमजनता गुहार मागिरहेका छन् । दस वर्षको जनयुद्धमा गरिबका छोराछोरी मारेर बगाएर रगतको खोला बगिरहेको छ । स्वार्थी नेता हो, अब सहिदको नाम लुकाएर तिम्रो नाम अगाडि आउँदा तिम्रो टाउकोमा फेरि बम बर्सने होला !

हे स्वार्थी नेता हो ! ती सहिदहरूले यो देशको मुहार फेर्नका लागि निमुखा जनताले त्यत्तिकै ज्यान गुमाएका होइन होलान् ।




# जनगणतन्त्र कोरियाका कारण विश्वयुद्ध रोकियो : लोहनी

■ **रातो खबर संवाददाता**/

नेपाल कम्युनिस्ट पार्टीका केन्द्रीय सदस्य एवम् प्रकाशन ब्युरो इन्चार्ज गुणराज लोहनीले जनगणतन्त्र कोरिया (उत्तरकोरिया)का कारण विश्वयुद्ध रोकिएको बताउनुभएको छ । काठमाडौँमा सोमबार नेपाल-कोरिया लेखक/पत्रकार मञ्चले आयोजना गरेको ‘मार्सल किम जोङ उनले नयाँ वर्षमा दिएको सन्देश र उत्तरसाम्राज्यवादविरुद्ध संघर्ष’ विषयक गोष्ठीमा प्रमुख अतिथि लोहनीले गरिब भनेर हेपिएको राष्ट्र जनगणतन्त्र कोरियाले साम्राज्यवादलाई तसनकस पारेकाले उसबाट पाठ सिक्नुपर्ने धारणा राख्नुभयो ।

जनगणतन्त्र कोरिया किम इल सुङदेखि किम जोङ उनसम्मका नेताले जनतन्त्र, राष्ट्रियता, समाजवादका पक्षमा र साम्राज्यवादका विरुद्ध निर्मम संघर्ष गरेर स्थापित बनेको बताउनुभयो । नेकपाले पनि निरन्तर साम्राज्यवादविरुद्ध संघर्ष गरिरहेको उहाँले बताउनुभयो । साम्राज्यवादको चरित्र मार्क्स, एङ्गेल्स, लेनिन, स्टालिन र माओको पालाभन्दा फेरिएर निगम पुँजीवादमा पतीत भएको उहाँले बताउनुभयो । कोरियाको निर्माण र कोरियाली समाजवाद रक्षाका लागि कोरियाका नेता किम इल सुङका साथै कमरेड माओको उत्तिकै योगदान रहेको उहाँको भनाइ थियो । माओले स्टालिनसँगको एक महिना लामो १६ बुँदे छलफल र वार्तामा कोरिया बचाउन प्लेन, हतियार, फाइटर, पाइलटसमेत माग गरेको सन्दर्भ उहाँले उठाउनुभयो ।

कोरियाले एउटै विचार, जुछे विचारमा जनतालाई बाँध्नुका साथै प्रतिरोध गर्ने क्षमतताको विकास गरेकाले ऊ टिकिरहेको र श्रेष्ठ बनिरहेको प्रमुख अतिथि लोहनीको भनाइ थियो । उहाँले भन्नुभयो, कोरियाले एक वर्षमा ६ वटा आईसीबीएनको सफल परीक्षण गर्नु सानो कुरा होइन ।

कोरियाले समाजवादी आन्दोलन, क्रान्तिको रक्षा र किास गरेको पनि उहाँले बताउनुभयो । ‘विश्वसाम्राज्यवादमा आएको संकटले विश्वयुद्ध निम्त्याउँछ तर कोरियाले विचार र परमाणु क्षेत्रमा गरेको विकासका कारण त्यो रोकिएको छ’, उहाँले भन्नुभयो । उहाँले पारमाणिक अस्त्र प्रयोग भएमा कोरिया मात्र होइन, अमेरिका पनि एकैसाथ ध्वस्त हुने पनि बताउनुभयो ।

उहाँले भन्नुभयो, ‘आज साम्राज्यवाद देश कम र संस्थाहरू बढी भएका छन् । अमेरिकामा डोनाल्ड ट्रम्प, भारतमा मोदी शक्तिमा आउनुमा कर्पोरेटहरूको हात छ ।’

दलाल पुँजीवादका पक्षधरहरू र अरुहरूले पनि नेकपाले फरक धारमा सञ्चालन गरिरहेको संघर्षका बारेमा बहससम्म चलाउने हिम्मत नगरेको लोहनीको भनाइ थियो । २०६३ देखि २०७३ सम्म लेखिएका अधिकांश साहित्य, चलचित्रहरू र अहिले लेखिइरहेको साहित्य र बनिरहेका चलचित्र जनयुद्धविरुद्ध केन्द्रित रहेको भन्दै ती विषय नेकपाले जानकारीमा राखेको उहाँले बताउनुभयो ।

श्रमिक, सर्वहारावर्गको चरित्र आज बौद्धिक वर्गहरूसम्म विस्तार भएकाले एकीकृत जनक्रान्तिको नयाँ कार्यदिशा विकास भएको उहाँले बताउनुभयो । पुँजीमा एकाधिकार, दलाल पुँजीको विकासको रुप बदलिएर निगम पुँजीवादको विकास भएकाले क्रान्तिको स्वरुप पनि विकसित भएको उहाँको भनाइ थियो । कोरियासँग नसकेर अमेरिका रुस र चीनतिर फर्किएको र कोरियासँग वार्ता हुन तयार हुनुको कारण उसले विकास गरेको पारमाणविक शक्ति नै मुख्य कारण रहेको लोहनीले बताउनुभयो । भारतीय साम्राज्यवादको दलाली नगरेसम्म सत्तामा जान नसकिने अवस्था रहेको परिघटना ओलीलाई सत्तामा लैजान सुष्मा स्वराज नेपाल आएको सन्दर्भ उहाँले कोट्याउनुभयो । नेकपाले निरन्तर दलाल पुँजीवादविरुद्ध संघर्ष गरिरहेको उहाँको भनाइ थियो । उहाँले आयोजक संस्थालाई नेपालको अर्थतन्त्र, साहित्य, संस्कृतिले पारेको प्रभावका बारेमा गहन अध्ययन गरेर पार्टीलाई सुझाव दिन पनि आग्रह गर्नुभयो ।

संस्थाकी सल्लाहकार साहित्यकार एवम् मानवअधिकारकर्मी सरला रेग्मीले साम्राज्यवादविरुद्ध लड्न कार्यक्रमले प्रेरणा दिने बताउनुभयो । सल्लाहकार माणिक लामाले जनगणतन्त्र कोरियाले विचार र शक्तिको माध्यमबाट साम्राज्यवादका विरुद्ध लडिरहेको बताउनुभयो । संस्थाले अन्तरक्रिया र प्रकाशनको माध्यमबाट साम्राज्यवादविरोधी अभियानलाई सघाइरहेको भन्दै सराहना गर्नुभयो ।

संस्थाका सल्लाहकारसमेत रहेका अखिल क्रान्तिकारीका अध्यक्ष पूर्णबहादुर सिंहले जनगणतन्त्र कोरिया जिउँदो समाजवादी मुलुक रहेको र संसारकै क्रान्तिकारी युवाहरूले कोरियाको विकास र प्रगतिबाट सिक्नुपर्ने बताउनुभयो । कार्यक्रममा सल्लहकार डा. रामप्रसाद ज्ञवाली, हस्तबहादुर केसी, नेकपा एमालेका नेता वीरेन्द्र थपलियालगायतले पनि कोरियाले गरेको उपलब्धि अनुकरणीय रहेको बताउनुभएको थियो ।

संस्थाका अध्यक्ष अशोक सुवेदीले संस्थाको उद्देश्य र विगतमा संस्थाले गरेका कामको चर्चा गर्दै जनगणतन्त्र कोरिया र नेपालका क्रान्तिकारीहरूका बीच सम्बन्धको सेतु कायम गर्न अन्तरक्रिया, छलफल प्रकाशन, यात्रालगायत काम गरिरहेको बताउनुभयो । उहाले कर, भ्रष्टाचार, एड्स र जेलमुक्त जनगणतन्त्र कोरियाबाट वैज्ञानिक समाजवादी आन्दोलन अघि बढाउन धेरै सिक्न सकिने धारणा राख्नुभयो ।

संस्थाका सदस्यहरू रसुवाली कवि र मोहनलाल घिसिङले कविता वाचन गर्नुभएको कार्यक्रममा अक्टोबर क्रान्तिको सन्दर्भमा मञ्चको नेतृत्वमा रुसको यात्रा गरेको टोलीले निर्माण गरेको वृत्तचित्र प्रमुख अतिथि लोहनीले लोकार्पण गर्नुभएको थियो । कार्यक्रम सञ्चालन मञ्चका सचिव करनसिंह बडालले गर्नुभएको थियो ।







**नेपाल आयल निगम लिमिटेडको खाना पकाउने ग्यास (एलपी ग्यास) प्रयोगकर्ताहरूलाई सुरक्षा सम्बन्धी अति आवश्यक जानकारी**

एल.पी. ग्यास अत्यन्तै प्रज्वलनशील पेट्रोलियम पदार्थ भएकोले यसको पर्याप्त सतर्कता र सावधानी अपनाउनु जरुरी हुन्छ । यसैले खाना पकाउने ग्यासको चुहावटले दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्ता वर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ ।

**दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरू**

१. सिलिण्डर ल्याउँदा लैजाँदा नगुडाऔं । भान्सामा सिलिण्डर सँधै ठाडो राखी प्रयोग गरौं । सुताएर, घोप्ट्याएर प्रयोग नगरौं ।
२. रेगुलेटर, रबर पाइप, चुलोजस्ता उपकरणहरू गुणस्तर भएको मात्र प्रयोग गरौं । साथै हरेक दुई वर्षमा ग्यासको पाइप फेरौं । खाना पकाउँदा सँधै झ्यालढोका खुला राखौं र सुतीको कपडा लाएर मात्र खाना पकाउने गरौं ।
३. काम सकेपछि सँधै रेगुलेटर बन्द गर्न नबिर्सौं ।

**ग्यास चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरू**

१. खाना पकाउने स्थानमा एल.पी.ग्यासको तिखो गन्त्र आइरहेको छ भने ग्यास चुहिएको छ भन्ने बुझ्नुपर्दछ । ग्यास लिग भएमा पहिले रेगुलेटरको र पछि चुलोको नव बन्द गरौं ।
२. ग्यास हावाभन्दा गह्रौं हुने भएकोले तल भुईंमा बस्छ त्यस्तो अवस्थामा झ्यालढोका सबै खुला गरौं र आगोको झिल्का निस्कने वस्तुहरू जस्तै ग्यास चुलो, सलाई, लाइटर, धुप आदि नबालौं । साथै बिजुलीबत्तीलगायत कुनैपनि वस्तु नचलाऔं ।
३. ग्यास लिग भइरहेमा सिलिण्डरबाट रेगुलेटर छुटाई भल्वमा सेफ्टी क्याप लगाएर घरबाहिर खुला ठाउँमा राखौं । र छिटो भन्दा छिटो नजिकको ग्यास विक्रेता वा सम्बन्धित ग्यास उद्योगलाई खबर गरौं ।

**सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो ।**
**उपभोक्ताको हितमा नेपाल आयल निगम लिमिटेड**

**नेपाल आयल निगम लिमिटेड**
केन्द्रीय कार्यालय, बबरमहल
फोन : ४२६२९७०, ४२६३४८५

निर्देशक : **गुणराज लोहनी**, प्रबन्ध निर्देशक : **भिमप्रसाद चापागाई**, सम्पादक : **अशोकप्रसाद सुवेदी**, प्रकाशक : **रातोखबर प्रकाशन गृह प्रा.लि.**, कार्यालय : बागबजार, काठमाडौँ, email: ratokhabar@gmail.com, website : www.eratokhabar.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौँ